वर्ष ८ । अंक १ र २ । २०७५ असार

राष्ट्रपतिको कार्यालयको बुलेटिन

# शीतलनिवास

(२०७४ श्रावण देखि २०७५ असारसम्मको कार्यसम्पादन समावेस भएको)



प्रकाशक
राष्ट्रपतिको कार्यालय

**Publisher**
Office of the President

**संरक्षक**

सम्माननीय राष्ट्रपति श्रीमती विद्यादेवी भण्डारी

**निर्देशन**

सचिव श्री विनोद के सी

**बुलेटिन सम्पादन समूहः**

| | |
|---|---|
| संयोजक | : सहसचिव श्री लक्ष्मी कुमारी बस्नेत |
| सह संयोजक | : सहसचिव श्री छबिन्द्र पराजुली |
| सदस्य | : उपसचिव श्री प्रल्हाद प्रसाद पुडासैनी |
| सदस्य | : उपसचिव श्री केशव प्रसाद घिमिरे |
| सदस्य | : उपसचिव श्री उत्तम कुमार शाही |

**कम्प्यूटर, फोटो तथा अन्य सहयोगः**

| | |
|---|---|
| नायव सुब्बा | : श्री निरञ्जन पुडासैनी |
| कम्प्यूटर अपरेटर | : श्री खडानन्द पौडेल |
| खरिदार | : श्री नवराज पौडेल |
| स.क. अपरेटर | : श्री प्रदिप सुनुवार |

**प्रकाशक :**

**राष्ट्रपतिको कार्यालय,**

राष्ट्रपति भवन, शीतलनिवास, महाराजगञ्ज, काठमाडौं

पो.ब.नं. ००१, फोन नं. ०१-४४१७८८७

वेबसाइटः www.presidentofnepal.gov.np

इमेल : bulletin@presidentofnepal.gov.np

**प्रकाशन मिति : २०७५ मंसिर**

**प्रकाशित संख्याः ६००**

# सम्पादकीय

वि.सं. २०६७ साल कात्तिक महिनामा ‘शीतलनिवास’ बुलेटिनको पहिलो अंक यस कार्यालयबाट प्रकाशन भएको थियो । सो समय देखि नियमित रुपले प्रकाशन हुँदै आएको ‘शीतलनिवास’ बुलेटिनको वर्ष ८, अंक १ र २ यहाँ पाठकहरुसमक्ष प्रस्तुत गरिएको छ ।

यस अंकमा सम्वत् २०७४ साल श्रावणदेखि २०७५ साल असार मसान्तसम्म संविधानको संरक्षक र राष्ट्रप्रमुखको प्रमुख भूमिकामा रहनुभएका सम्माननीय राष्ट्रपतिबाट सम्पादन भएका महत्वपूर्ण कार्यहरूलाई यस बुलेटिनमा समेटिएको छ ।

यसैगरी सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ५ को उपदफा (३) र सूचनाको हक सम्बन्धी नियमावली, २०६५ को नियम (३) बमोजिमका सूचना तथा जानकारी समेत यसमा समावेश गरिएको छ । यसबाट आम पाठक एवम् सम्पूर्ण सरोकारवालाहरूमा सम्माननीय राष्ट्रपतिज्यू तथा राष्ट्रपतिको कार्यालयबाट सम्पादन हुने कार्यहरूको सम्बन्धमा जानकारी भई नागरिकको सूचनाको हकको सम्मान एवम् पालना हुनेछ भन्ने समेत विश्वास लिइएको छ ।

अन्तमा, बुलेटिनलाई आगामी दिनहरूमा अझ उपयोगी र प्रभावकारी बनाउन रचनात्मक सुझाव र प्रतिक्रियाको अपेक्षा गर्दै बुलेटिनको यो अंक प्रकाशनमा प्रत्यक्ष र परोक्ष रूपमा सहयोग पुऱ्याउनुहुने राष्ट्रपतिको कार्यालयसँग सम्बद्ध सबै कर्मचारीहरु, पदाधिकारीहरु एवम् अन्य सम्पूर्ण महानुभावहरूमा हार्दिक कृतज्ञता व्यक्त गर्दछौं ।



# सम्माननीय राष्ट्रपति श्रीमती विद्यादेवी भण्डारी

# सम्माननीय राष्ट्रपतिको संक्षिप्त जीवनी



सम्माननीय राष्ट्रपति श्रीमती विद्यादेवी भण्डारी लोकतान्त्रिक गणतन्त्र नेपालको दोस्रो राष्ट्रपति र नेपालको संविधान घोषणा भएपश्चात् निर्वाचित हुने पहिलो राष्ट्रपति हुनुहुन्छ । उहाँ मुलुकको सर्वोच्च पदमा निर्वाचित हुनुहुने पहिलो नेपाली महिला पनि हुनुहुन्छ । उहाँ विक्रम सम्बत् २०७२ साल कार्तिक ११ गते, इस्वी सम्बत् २०१५ अक्टोबर २८ मा नेपालको व्यवस्थापिका-संसदबाट राष्ट्रप्रमुखमा निर्वाचित हुनुभएको थियो । उहाँ राष्ट्रप्रमुखका रूपमा देशको नेतृत्व गर्ने विश्वका अन्य पच्चीस महिलापछि छब्बीसौं महिला हुनुहुन्छ । पहिलो कार्यकाल सफलता पूर्वक सम्पन्न गरी वि.सं. २०७४ साल फागुन २९ गते दोस्रो कार्यकालका लागि नेपालको राष्ट्रपति पदमा निर्वाचित हुनुभई फागुन ३० गते देखि राष्ट्रपति पदको कार्यभार सम्हाल्दै आउनुभएको छ ।

सम्माननीय राष्ट्रपतिको जन्म वि.सं. २०१८ असार ५ गते नेपालको पूर्वी पहाडी जिल्ला भोजपुरको मानेभन्ज्याङ गाउँमा भएको थियो । आमा मिथिला पाण्डे र बुबा स्व. रामबहादुर पाण्डेका पाँच छोराछोरीमा उहाँ जेष्ठ सन्तान हुनुहुन्छ । गाउँको एउटा सामान्य किसान परिवारमा जन्मेर सङ्घर्षका अनेकौं आरोह-अवरोहहरू पार गर्दै राष्ट्रपतिजस्तो गरिमामय जिम्मेवारीमा पुग्न सफल उहाँको जीवन सबैका लागि प्रेरणादायी र उर्जापूर्ण छ ।

राष्ट्रपतिले आफ्नो विद्यालय र महाविद्यालयको शिक्षा क्रमशः भोजपुर र मोरङ्गमा आर्जन गर्नुभयो । भोजपुर क्याम्पसमा अध्ययनरत रहँदाको समय उहाँको जीवनयात्राका महत्वपूर्ण मोडका रूपमा स्थापित भए । त्यस क्रममा उहाँले नेपाली समाजको दयनीय अवस्थाका मूलभूत कारणहरूलाई बुझ्ने अवसर पाउनुभयो र लोकतन्त्रबिना मुलुकको अग्रगति संभव छैन भन्ने निष्कर्षमा पुग्नुभयो । वामपन्थी-लोकतान्त्रिक गतिविधिहरूमा सहभागी हुने क्रममा उहाँको राजनीतिक दृष्टिकोण उन्नत बन्न पुग्यो । आम विद्यार्थीहरूका हकहितका बिषयहरूका अतिरिक्त उहाँ निरङ्कुश राजतन्त्र र निर्दलीय पञ्चायती व्यवस्था विरोधी लोकतान्त्रिक आन्दोलनमा सक्रिय सहभागी हुनुभयो । त्यस सहभागितासँगै उहाँको जीवनको कठिन र जोखिमपूर्ण राजनीतिक यात्राको आरम्भ भयो ।

त्यस क्रममा उहाँ विद्यार्थीको हकहितको लागि समर्पित एक उदीयमान नेताका रूपमा स्थापितहुँदै आठ बर्षसम्म अखिल नेपाल राष्ट्रिय स्वतन्त्र विद्यार्थी युनियन (अनेरास्ववियु) को पूर्वी क्षेत्र- सङ्गठनको नेतृत्वमा रहनु भयो । यसै अवधिमा उहाँ विरटनगरको महेन्द्र मोरङ आदर्श बहुमुखी क्याम्पसको स्वतन्त्र विद्यार्थी युनियनको निर्वाचनमा अत्यधिक मतसहित कोषाध्यक्ष पदमा निर्वाचित हुनुभयो ।

भोजपुरको विद्योदय माध्यमिक विद्यालयमा अध्ययन गर्ने क्रममै उहाँ नेपालको कम्युनिष्ट आन्दोलनप्रति आकर्षित हुनुभएको थियो । वि.सं. २०३५ सालमा नेपाल कम्युनिष्ट पार्टी (माले) को स्थापनालगत्तै त्यस पार्टीको युथलिगको कार्यकर्ताको रूपमा उहाँको सङ्गठित राजनीतिक जीवनको आरम्भ भयो र एक वर्षपछि उहाँले उक्त पार्टीको सदस्यता प्राप्त गर्नुभयो । यस संगसंगै उहाँ वि.सं.२०३७ सालमा नेकपा (माले) निकट अखिल नेपाल महिला सङ्घको सदस्य बन्नुभयो । महिला संघमा आवद्ध भएदेखि नै उहाँले नेपाली महिलाहरूले भोग्नुपरेका उत्पीडनका विरुद्ध निरन्तर आवाज उठाइरहनु भयो र महिला समानता र अधिकारको प्राप्तिको लागि निरन्तर संघर्षरत रहनुभयो । यसरी उहाँको राजनीतिक जीवन विद्यार्थी आन्दोलनको अग्रणी, महिला अधिकारको सक्रिय अभियन्ता र लोकतन्त्रका निम्ति सङ्घर्षरत पार्टीको प्रतिवद्ध कार्यकर्ताका रूपमा तीनवटा आयाममा संगसंगै अगाडि बढ्यो ।

वि.सं. २०३९ सालमा उहाँको शुभविवाह कम्युनिष्ट पार्टीका लोकप्रिय नेता मदन भण्डारीसँग भयो । तर नेता मदन भण्डारीको २०५० साल जेठ ३ गतेको एक रहस्यमय सडक दुर्घटनामा दुखद निधन भएसंगै उहाँको दाम्पत्य जीवन एघार बर्षको छोटो समयमै समाप्त भयो । पतिको दुःखद अवसानपश्चात् नाबालक नै रहेका छोरीहरू उषाकिरण र निशा कुसुमको लालन-पालनको साथसाथै थप राजनीतिक जिम्मेवारी उहाँले लिनुभयो ।

वि.सं. २०५४ को माघमा सम्पन्न नेपाल कम्युनिष्ट पार्टी

(एकीकृत मार्क्सवादी लेनिनवादी), नेकपा(एमाले) को छैटौं राष्ट्रिय महाधिवेशनबाट उहाँ पार्टीको केन्द्रीय कमिटी सदस्यमा निर्वाचित हुनुभयो । त्यसयता लगातार उहाँले पार्टीको नीतिनिर्माणको तहमा रहेर महत्वपूर्ण भूमिका निर्वाह गर्नुभयो । २०५९ सालमा सम्पन्न सातौं महाधिवेशनबाट केन्द्रीय कमिटी सदस्यमा पुन: निर्वाचित हुँदै उहाँ २०६५ सालमा आयोजित आठौं राष्ट्रिय महाधिवेशनबाट केन्द्रीय उपाध्यक्षमा निर्वाचित हुनुभयो । उहाँको लोकप्रियता, क्रियाशीलता र निष्ठाकै कारण २०७१ सालमा आयोजित नवौं राष्ट्रिय महाधिवेशनमा उहाँ पुन: पार्टीको केन्द्रीय उपाध्यक्ष तथा स्थायी कमिटी सदस्यमा निर्वाचित हुनुभयो ।

संसदीय निर्वाचनमा पनि उहाँको परिचय लोकप्रिय र सफल नेताको रूपमा रहेको छ । संसदीय निर्वाचनमा उहाँको सहभागिता पति मदन भण्डारीको निधनपछि रिक्त पदका लागि गरीएको वि.सं. २०५० सालको उपनिर्वाचनसंगै शुरु भयो । सो उपनिर्वाचनमा काठमाडौं निर्वाचन क्षेत्र नं. १ बाट उहाँ प्रतिनिधिसभा सदस्यमा पहिलोपटक निर्वाचित हुनुभयो । २०५१ सालको मध्यावधि निर्वाचन र २०५६ सालको प्रतिनिधि सभा सदस्यको निर्वाचन गरी उहाँ काठमाडौंका बिभिन्न निर्वाचन क्षेत्रबाट तीन पटक लगातार प्रतिनिधि सभा सदस्यमा विजयी हुनुभयो । वि.सं. २०५४ सालमा वातावरण तथा जनसंख्या मन्त्रीका रूपमा उहाँले पहिलो कार्यकारी भूमिका निर्वाह गर्नुभएको थियो ।

महिला अधिकारका लागि निरन्तर सङ्घर्षरत उहाँ वि.सं. २०५५ सालमा अखिल नेपाल महिला सङ्घको अध्यक्षमा निर्वाचित हुनु भयो । त्यसयता लगातार तीन पटकसम्म उक्त सङ्गठनको अध्यक्ष निर्वाचित भै उहाँले लैङ्गिक समानताका लागि अथक प्रयत्न गरिरहनुभयो । संसद सदस्यका हैसियतले संसदभित्र महिला हकअधिकार र समानताकालागि उहाँले लड्नु भएको लडाइँ सबैका लागि स्मरणीय रहेको छ । लैङ्गिक समानता, समान ज्याला, महिला शिक्षा र घरेलु हिंसाको उन्मूलनका लागि उहाँले संसद र सडकबाट विभिन्न आन्दोलन र अभियानहरूको नेतृत्व गर्नुभएको छ ।

वि.सं.२०६२/६३ को आन्दोलनपछि पुनस्थापित प्रतिनिधिसभामा प्रस्तुत गरिएको राज्यका हरेक अङ्गमा न्यूनतम ३३ प्रतिशत महिला सहभागिता सुनिश्चित गर्नु पर्ने विशेष प्रस्तावको प्रस्तावक उहाँ नै हुनुहुन्थ्यो र संसदले उक्त प्रस्तावलाई सर्वसम्मत ढङ्गले पारित गर्दै सरकारलाई यसको कार्यान्वयनका लागि विशेष निर्देशन दिएको थियो । सोही प्रस्ताव अनुरूपको विधेयक तयार गर्ने प्रक्रियामा समेत उहाँको अहम् भूमिका रहेको थियो । वि.सं. २०७२ साल असोज ३ गते संविधानसभाबाट पारित नेपालको संविधानले राजनीतिक प्रतिनिधित्व र सरकारी सेवामा महिलाको न्यूनतम ३३ प्रतिशत सुनिश्चित गरेको छ । यस व्यवस्थासँगै नेपाली महिलाहरूले युगान्तकारी संवैधानिक-कानूनी उपलब्धि हासिल गरेका हुन् र महिला सहभागिताका दृष्टिले नेपाल विश्वमा उदाहरणीय बन्नपुगेको हो । नेपाली महिलाहरूले प्राप्त गरे को यस सफलतामा वर्तमान राष्ट्रपतिको उल्लेखनीय योगदान रहेको यथार्थ नेपाली समाजमा स्थापित छ ।

उहाँले वि.सं. २०६६ सालमा रक्षामन्त्रीको जिम्मेवारी सम्हाल्नुभयो । निकै चुनौतीपूर्ण र संवेदनशील रक्षामन्त्रालयको पदभार सम्हाल्ने उहाँ नेपालकै पहिलो महिला हुनुहुन्छ । रक्षामन्त्रीका हैसियतले त्यस अवधिमा उहाँले नेपाली सेनामा पूर्व माओवादी लडाकुहरूको समायोजन र राष्ट्रिय सुरक्षानीतिको तर्जुमागर्ने जस्ता महत्वपूर्ण दायित्व कुशलतापूर्वक सम्पादन गर्नुभयो । संविधानसभा सदस्य र संविधानसँग सम्बन्धित जटिल विवादहरूलाई निष्कर्षमा पुऱ्याउने महत्वपूर्ण वार्तामा सक्रीय सहभागीका हैसियतले नेपालको संविधानको निर्माणमा महत्वपूर्ण भूमिका खेल्नु हुने श्रीमती विद्यादेवी भण्डारी राष्ट्रपतिमा निर्वाचित हुनु अगाडिसम्म नेकपा (एमाले) का उपाध्यक्ष, अखिल नेपाल महिला सङ्घका अध्यक्ष र व्यवस्थापिका-संसद सदस्यको जिम्मेवारीमा हुनुहुन्थ्यो ।

## विषय सूची


| सि.नं. | विषय | पाना नं. |
|---|---|---|
| | सम्पादकीय | |
| | सम्मानित राष्ट्रपतिको संक्षिप्त जीवनी | |
| १. | नेपालको संविधान बमोजिम राष्ट्रपतिको काम, कर्तव्य र अधिकार | १ |
| २. | राष्ट्रपतिको कार्यालयले सम्पादन गर्ने कार्यहरू | ३ |
| ३. | यस अवधिमा सम्मानित राष्ट्रपतिबाट भएका व्यवस्थापिका-संसदको संयुक्त बैठक,अधिवेशनको आह्वान, सम्बोधन र अन्त | ४ |
| ४. | शीतलनिवासमा आयोजित कार्यक्रमहरू | ४ |
| ५. | शीतलनिवास बाहिर आयोजित  कार्यक्रमहरूमा सहभागिता र सम्बोधन | ७ |
| ६. | सम्मानित राष्ट्रपतिबाट विभिन्न राष्ट्रिय चाडपर्वका अवसरमा दिइएका शुभकामना सन्देशहरू | २६ |
| ७. | अलङ्कार, विभूषण र पुरस्कार वितरण | २७ |
| ८. | विदेशी तथा स्वदेशी व्यक्तित्वहरूसँगको महत्वपूर्ण भेटघाट र ओहोदाको प्रमाणपत्र ग्रहण | २९ |
| ९. | राष्ट्रपति लगायत विभिन्न पदाधिकारीहरूको नियुक्ति, शपथ तथा राजीनामा | ३२ |
| १०. | विभिन्न संवैधानिक निकायहरूको वार्षिक प्रतिवेदन ग्रहण | ४२ |
| ११. | राष्ट्रपतिको कार्यालयमा पदस्थापना/सरुवा/अवकाश हुनुभएका राष्ट्रसेवक कर्मचारीहरूको विवरण | ४६ |
| १२. | राष्ट्रपतिको कार्यालयमा हाल कार्यरत राष्ट्रसेवक कर्मचारीहरूको विवरण | ४६ |
| १३. | सम्मानित राष्ट्रपतिका विज्ञहरूको विवरण | ४७ |
| १४. | सम्मानित राष्ट्रपतिका स्वकीय सचिवालयका कर्मचारीहरूको विवरण | ४७ |
| १५. | सुरक्षा तथा समारोह व्यवस्था सचिवालय | ४७ |
| १६. | नेपाल प्रहरी युनिट | ४८ |
| १७. | राष्ट्रिय अनुसन्धान  विभाग युनिट | ४८ |
| १८. | विविध | ४८ |
| १९. | सम्मानित राष्ट्रपतिबाट भएका नेपाली राजदूत नियुक्ति सम्बन्धी विवरण | ५० |
| २०. | अन्य गतिविधिहरू | ५० |
| २१. | राष्ट्रपतिको कार्यालयको संगठन संरचना | ५६ |
| २२. | सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ५को उपदफा (३) र सूचनाको हक सम्बन्धी नियमावली, २०६५ को नियम ३ बमोजिम प्रकाशन गरिएको विवरण | ५७ |
| २३ | फोटो एल्बम खण्ड | ६२ |

# १. नेपालको संविधान बमोजिम राष्ट्रपतिको काम, कर्तव्य र अधिकार

नेपालको संविधानको भाग ६ मा राष्ट्रपति तथा उपराष्ट्रपति सम्वन्धी व्यवस्था गरिएको छ । संविधानको उक्त भाग अर्न्तगत धारा ६१ मा राष्ट्रपति सम्वन्धी निम्न व्यवस्था रहेको छ ।

- धारा ६१(१) नेपालमा एक राष्ट्रपति रहनेछ ।
- धारा ६१(२) राष्ट्रपति नेपालको राष्ट्राध्यक्ष हुनेछ । निजले यस संविधान र संघीय कानून बमोजिम आफ्नो कार्यसम्पादन गर्नेछ ।
- धारा ६१ (३) राष्ट्रपतिले नेपालको राष्ट्रिय एकताको प्रवर्धन गर्नेछ ।
- धारा ६१ (४) संविधानको पालन र संरक्षण गर्नु राष्ट्रपतिको प्रमुख कर्तव्य हुनेछ ।
- धारा ६६ मा राष्ट्रपतिको काम, कर्तव्य र अधिकार सम्वन्धी देहायको व्यवस्था रहेको छ ।
- धारा ६६ (१) राष्ट्रपतिले यो संविधान वा संघीय कानून बमोजिम निजलाई प्राप्त अधिकारको प्रयोग र कर्तव्यको पालन गर्नेछ ।
- धारा ६६ (२) उपधारा (१) बमोजिम अधिकारको प्रयोग वा कर्तव्यको पालन गर्दा यो संविधान वा संघीय कानून बमोजिम कुनै निकाय वा पदाधिकारीको सिफारिसमा गरिने भनी किटानीसाथ व्यवस्था भएको कार्य बाहेक राष्ट्रपतिबाट सम्पादन गरिने अन्य जुनसुकै कार्य मन्त्रिपरिषदको सिफारिस र सम्मतिबाट हुनेछ । त्यस्तो सिफारिस र सम्मति प्रधानमन्त्री मार्फत पेश हुनेछ ।
- धारा ६६ (३) उपधारा (२) बमोजिम राष्ट्रपतिको नाममा हुने निर्णय वा आदेश र तत्सम्बन्धी अधिकारपत्रको प्रमाणीकरण संघीय कानून बमोजिम हुनेछ ।

## १.१ नेपालको संविधानबमोजिम राष्ट्रपतिको अन्य भूमिका देहाय वमोजिम रहेको पाइन्छ

- भाग ४ धारा ५३ बमोजिम राज्यका निर्देशक सिद्धान्त, नीति र दायित्व कार्यान्वयनका सम्बन्धमा गरेको काम र प्राप्त उपलब्धि सहितको नेपाल सरकारले पेश गर्ने वार्षिक प्रतिवेदन ग्रहण गरी उक्त प्रतिवेदन प्रधानमन्त्रीमार्फत संघीय संसद् समक्ष पेश गर्ने व्यवस्था मिलाउने ।
- भाग ६ धारा ६८ (क) बमोजिम उपराष्ट्रपतिले राष्ट्रपति समक्ष लिखित राजीनामा पेश गर्ने ।
- भाग ६ धारा ७१ बमोजिम उपराष्ट्रपतिलाई पद तथा गोपनीयताको शपथ गराउने ।
- भाग ७ धारा ७६ बमोजिम प्रधानमन्त्रीको नियुक्ति तथा प्रधानमन्त्रीको सिफारिसमा मन्त्रिपरिषद्को गठन गर्ने ।
- भाग ७ धारा ७६ (७) बमोजिम प्रधानमन्त्रीको सिफारिसमा प्रतिनिधिसभा विघटन गरी ६ महिनाभित्र अर्को प्रतिनिधिसभाको निर्वाचन सम्पन्न हुने गरी निर्वाचनको मिति तोक्ने ।
- भाग ७ धारा ७७ (१) (क) बमोजिम प्रधानमन्त्रीले राष्ट्रपतिसमक्ष लिखित राजीनामा पेश गर्ने ।
- भाग ७ धारा ८० बमोजिम प्रधानमन्त्री, उपप्रधानमन्त्री तथा मन्त्रीलाई पद तथा गोपनीयताको शपथ गराउने ।
- भाग ७ धारा ८१ बमोजिम प्रधानमन्त्री मार्फत मन्त्रिपरिषदका निर्णयहरु, संघीय संसदमा पेश गरिने विधेयकहरु र ती विषयसँग सम्बन्धित राष्ट्रपतिले आवश्यक ठानेका अन्य विवरण तथा नेपालको समसामयिक परिस्थिति र वैदेशिक सम्बन्धका विषयका जानकारी लिने ।
- भाग ८ धारा ८६ (२) (ख) बमोजिम नेपाल सरकारको सिफारिसमा राष्ट्रिय सभा सदस्य मनोनीत गर्ने ।
- भाग ८ धारा ९३ (१) बमोजिम संघीय संसदको अधिवेशनको आव्हान गर्ने र उपधारा (२) बमोजिम संघीय संसदको दुवै वा कुनै सदनको अधिवेशनको अन्त्य गर्ने । उपधारा (३) बमोजिम प्रतिनिधिसभाको अधिवेशन चालु नरहे को वा बैठक स्थगित भएको अवस्थामा अधिवेशन वा बैठक आव्हान गर्ने ।
- भाग ८ धारा ९५ बमोजिम संघीय संसदको कुनै सदनको वैठक वा दुवै सदनको संयुक्त बैठकलाई सम्बोधन गर्ने ।
- धारा १०६ (१) बमोजिम प्रतिनिधि सभाको सभामुख र राष्ट्रिय सभाको अध्यक्ष दुवैको संयुक्त सिफारिसमा संघीय संसदको महासचिव, सभामुखको सिफारिसमा प्रतिनिधि सभाको सचिव र राष्ट्रिय सभाको अध्यक्षको सिफारिसमा र ाष्ट्रिय सभाको सचिवको नियुक्ति गर्ने ।
- भाग ९ धारा ११३ बमोजिम विधेयकहरु प्रमाणीकरण गर्ने ।
- भाग ९ धारा ११४ बमोजिम मन्त्रिपरिषद्को सिफारिसमा

अध्यादेश जारी गर्ने ।

- भाग ११ धारा १२९ बमोजिम संवैधानिक परिषद्को सिफारिसमा प्रधान न्यायाधीश र न्याय परिषद्को सिफारिसमा सर्वोच्च अदालतका न्यायाधीशको नियुक्ति गर्ने ।
- भाग ११ धारा १३८ (१) बमोजिम सर्वोच्च अदालत, न्यायपरिषद् र न्यायसेवा आयोगका बार्षिक प्रतिवेदनहरु ग्रहण गरी प्रधानमन्त्री मार्फत उक्त प्रतिवेदनहरु संघीय संसदमा पेश गर्ने व्यबस्था गर्ने ।
- भाग ११ धारा १५३ को उपधारा (१) को खण्ड (घ) बमोजिम प्रधानमन्त्रीको सिफारिसमा र खण्ड (ङ) बमोजिम नेपाल बार एशोसियसनको सिफारिसमा न्यायपरिषद्को सदस्य नियुक्ति गर्ने ।
- भाग १२ धारा १५७ (२) बमोजिम प्रधानमन्त्रीको सिफारिसमा महान्यायाधिवक्ताको नियुक्ति गर्ने ।
- भाग १२ धारा १५७ (४) (ख) बमोजिम प्रधानमन्त्रीको सिफारिसमा महान्यायाधिवक्तालाई पदमुक्त गर्ने ।
- भाग १३ धारा १६३ (२) बमोजिम प्रदेश प्रमुखहरुको नियुक्ति गर्ने, धारा १६५ (१) को खण्ड (क) बमोजिम प्रदेश प्रमुखको लिखित राजीनामा पेश गर्ने तथा खण्ड (ख) बमोजिम प्रदेश प्रमुखलाई पदमुक्त गर्ने । धारा १६५ (२) बमोजिम कुनै प्रदेश प्रमुख रिक्त रहेको अवस्थामा प्रदेश प्रमुख नियुक्ति नभएसम्मका लागि अर्को कुनै प्रदेशको प्रमुखलाई त्यस्तो प्रदेशको कामकाज गर्नेगरी तोक्ने ।
- धारा १६७ बमोजिम प्रदेश प्रमुखहरुले राष्ट्रपतिसमक्ष पद तथा गोपनीयताको शपथ लिनु पर्ने ।
- भाग २० धारा २३२ को उपधारा (३) बमोजिम नेपाल सरकार मन्त्रिपरिषद्को सिफारिसमा प्रदेश मन्त्रिपरिषद्लाई सचेत गराउने, प्रदेश मन्त्रिपरिषद् र प्रदेश सभालाई बढीमा ६ महिना निलम्बन गर्ने वा विघटन गर्ने ।
- भाग २१ धारा २३८ को उपधारा (२) बमोजिम संवैधानिक परिषद्को सिफारिसमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगका प्रमुख आयुक्त र आयुक्तको नियुक्ति गर्ने ।
- भाग २२ धारा २४० को उपधारा (२) बमोजिम संवैधानिक परिषद्को सिफारिसमा महालेखापरीक्षकको नियुक्ति गर्ने ।
- भाग २३ धारा २४२ को उपधारा (२) बमोजिम संवैधानिक परिषद्को सिफारिसमा लोक सेवा आयोगका अध्यक्ष र सदस्यको नियुक्ति गर्ने ।
- भाग २४, धारा २४५ को उपधारा (२) बमोजिम संवैधानिक परिषद्को सिफारिसमा प्रमुख निर्वाचन आयुक्त र आयुक्तको नियुक्ति गर्ने ।
- भाग २५ धारा २४८ को उपधारा (२) बमोजिम संवैधानिक परिषद्को सिफारिसमा राष्ट्रिय मानव अधिकार आयोगका अध्यक्ष र सदस्यको नियुक्ति गर्ने ।
- भाग २६ धारा २५० को उपधारा (२) बमोजिम संवैधानिक परिषद्को सिफारिसमा राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगका अध्यक्ष र सदस्यको नियुक्ति गर्ने ।
- भाग २७ धारा २५२ को उपधारा (२) बमोजिम संवैधानिक परिषद्को सिफारिसमा राष्ट्रिय महिला आयोगका अध्यक्ष र सदस्यको नियुक्ति गर्ने ।
- भाग २७ धारा २५५ को उपधारा (२) बमोजिम संवैधानिक परिषद्को सिफारिसमा राष्ट्रिय दलित आयोगका अध्यक्ष र सदस्यको नियुक्ति गर्ने ।
- भाग २७ धारा २५८ को उपधारा (२) बमोजिम संवैधानिक परिषद्को सिफारिसमा राष्ट्रिय समावेशी आयोगका अध्यक्ष र सदस्यको नियुक्ति गर्ने ।
- भाग २७ धारा २६१ को उपधारा (२) बमोजिम संवैधानिक परिषद्को सिफारिसमा आदिवासी जनजाति आयोगका अध्यक्ष र सदस्यको नियुक्ति गर्ने ।
- भाग २७ धारा २६२ को उपधारा (२) बमोजिम संवैधानिक परिषद्को सिफारिसमा मधेशी आयोगका अध्यक्ष र सदस्यको नियुक्ति गर्ने ।
- भाग २७ धारा २६३ को उपधारा (२) बमोजिम संवैधानिक परिषद्को सिफारिसमा थारु आयोगका अध्यक्ष र सदस्यको नियुक्ति गर्ने ।
- भाग २७ धारा २६४ को उपधारा (२) बमोजिम संवैधानिक परिषद्को सिफारिसमा मुस्लिम आयोगका अध्यक्ष र सदस्यको नियुक्ति गर्ने ।
- भाग २८ धारा २६६ को उपधारा (३) बमोजिम राष्ट्रिय सुरक्षा परिषद्ले राष्ट्रपतिसमक्ष पेश गरेको वार्षिक प्रतिवेदन प्रधानमन्त्री मार्फत संघीय संसद समक्ष पेश गर्ने व्यवस्था मिलाउने ।
- भाग २८ धारा २६७ को उपधारा (२) बमोजिम नेपाली सेनाको परमाधिपति हुने ।

- भाग २८ धारा २६७ को उपधारा (५) बमोजिम मन्त्रिपरिषद्को सिफारिसमा प्रधान सेनापतिको नियुक्ति र पदमुक्ति गर्ने र उपधारा (६) बमोजिम मन्त्रिपरिषद्को निर्णय बमोजिम नेपाली सेना परिचालनको घोषणा गर्ने ।
- भाग ३० धारा २७३ को उपधारा (१) बमोजिम संकटकालीन अवस्थाको घोषणा वा आदेश जारी गर्ने ।
- भाग ३० धारा २७३ को उपधारा (१३) बमोजिम उक्त आदेश वा घोषणा फिर्ता लिने ।
- भाग ३१ धारा २७४ को उपधारा (१०) बमोजिम संविधान संशोधनको विधेयक प्रमाणीकरण गर्ने ।
- भाग ३२ धारा २७६ बमोजिम कुनै अदालत, न्यायिक वा अर्धन्यायिक निकाय वा प्रशासकीय पदाधिकारी वा निकायले गरेको सजायलाई कानून बमोजिम माफी, मुल्तवी, परिवर्तन वा कम गर्ने ।
- भाग ३२ धारा २७७ बमोजिम राज्यकोतर्फबाट प्रदान गरिने उपाधि, सम्मान र विभुषण प्रदान गर्ने ।
- भाग ३२ धारा २८२ (१) बमोजिम नेपाली राजदूत र कुनै खास प्रयोजनका लागि बिशेष प्रतिनिधि नियुक्त गर्ने ।
- भाग ३२ धारा २८२ को उपधारा (२) बमोजिम विदेशी राजदूत तथा कूटनीतिक प्रतिनिधिबाट ओहोदाको प्रमाणपत्र ग्रहण गर्ने ।
- भाग ३२ धारा २९४ बमोजिम संवैधानिक निकायहरुले पेश गरेका वार्षिक प्रतिवेदनहरु ग्रहण गरी त्यस्ता प्रतिवेदन प्रधानमन्त्रीमार्फत संघीय संसद समक्ष पेश गर्न लगाउने ।
- भाग ३३ धारा ३०५ बमोजिम संघीय संसद्को निर्वाचन भई त्यसको पहिलो अधिवेशन प्रारम्भ नभएसम्म नेपाल सरकार मन्त्रिपरिषद्को सिफारिसमा बाधा अड्काउ फुकाउन आवश्यक आदेश जारी गर्ने ।
- नेपालको संविधानमा व्यवस्था भए बमोजिम विभिन्न पदाधिकारीबाट पेश हुने राजीनामा ग्रहण गर्ने ।

## २. राष्ट्रपतिको कार्यालयले सम्पादन गर्ने कार्यहरू

विद्यमान संवैधानिक र कानूनी व्यवस्था, कार्यालयमा उपलब्ध अभिलेख र व्यवहारिक रुपमा गरी आएका कामहरुको आधार मा यस कार्यालयबाट तपशिल बमोजिमका कार्यहरु सम्पादन हुदै आएको छ :-

२.१ सम्माननीय राष्ट्रपति संलग्न रहनुहुने औपचारिक/अनौपचारिक कार्यक्रमहरुको व्यवस्थापन र समन्वय गर्ने,

२.२ सम्माननीय राष्ट्रपतिबाट हुने सम्बोधन, शुभकामना सन्देश आदि तयार गर्ने,

२.३ सम्माननीय राष्ट्रपतिको स्वदेशी तथा विदेशी व्यक्तित्वहरुसँग भेटघाटको व्यवस्थापन गर्ने,

२.४ सम्माननीय राष्ट्रपतिलाई सम्बोधन गरी प्राप्त निवेदन तथा ज्ञापन पत्रहरुको अध्ययन, विश्लेषण गरी प्रतिक्रिया/जवाफ दिने,

२.५ विधेयक प्रमाणिकरण तथा अध्यादेश जारी गर्नेसम्बन्धी कार्य,

२.६ संवैधानिक निकायका प्रमुख एवम् पदाधिकारीहरुको नियुक्ति, शपथ र प्रतिवेदन ग्रहण आदि कार्यक्रमहरुको व्यवस्थापन सम्बन्धी कार्य,

२.७ नेपाली राजदूतको नियुक्ति सम्बन्धी कार्य,

२.८ विदेशी राजदूतहरुको ओहदाको प्रमाणपत्र ग्रहण सम्वन्धी कार्यक्रम व्यवस्थापन गर्ने,

२.९ सम्माननीय राष्ट्रपतिको स्वदेश/वैदेशिक भ्रमणको व्यवस्थापन सम्बन्धी कार्य,

२.१० राष्ट्रपति कार्यालयसँग सम्वन्धित महत्वपूर्ण गतिविधिहरुलाई प्रेस विज्ञप्ति मार्फत सञ्चार माध्यमबाट सार्बजनिक गर्ने,

२.११ कार्यालयसँग सम्बद्ध बिषयमा सम्मानीत अदालतमा पर्ने निवेदनहरुमा लिखित जबाफ तथा प्रतिरक्षा सम्बन्धी कार्य,

२.१२ आममाफी तथा बिभूषण, अलङ्कार प्रदान सम्बन्धी कार्य,

२.१३ राष्ट्रपति कार्यालय सम्बद्ध अन्तराष्ट्रिय सम्बन्ध तथा समन्वय एवम् पत्राचार सम्बन्धी कार्य,

२.१४ सम्माननीय राष्ट्रपतिको नियमित स्वास्थ्य परीक्षण एवम् उपचार तथा सोको व्यवस्थापन सम्वन्धी कार्य,

२.१५ कार्यालयको दैनिक रुपमा आईपर्ने अन्य प्रशासनिक कार्यहरु,

२.१६ सम्माननीय राष्ट्रपतिको प्रमुख प्रशासकीय निकायका रुपमा गर्नुपर्ने अन्य आवश्यक कार्य,

२.१७ कार्यालयको वार्षिक कार्यक्रमको कार्यान्वयन, अनुगमन मूल्याङ्कन तथा सुपरीवेक्षण सम्वन्धी कार्य,

२.१८ सम्मानीय राष्ट्रपतिबाट हुने आदेश/निर्देशन बमोजिमका अन्य कार्यहरु, आदि ।

## ३. यस अवधिमा सम्मानीय राष्ट्रपतिबाट भएका व्यवस्थापिका-संसदको संयुक्त बैठक, अधिवेशनको आह्वान, सम्बोधन र अन्त

३.१ सम्माननीय राष्ट्रपति श्रीमती विद्यादेवी भण्डारीले मिति २०७४ साल फागुन ७ गते सोमबारका दिन सम्माननीय प्रधानमन्त्रीको सिफारिसमा नेपालको संविधानको धारा ९३ को उपधारा (१) बमोजिम २०७४ साल फागुन २१ गते सोमबार का दिन अपरान्ह ४ बजे बस्ने गरी अन्तर्राष्ट्रिय सम्मेलन के न्द्र, नयाँ बानेश्वरमा संघीय ससंदको अधिवेशन आह्वान गर्नु भयो ।

३.२ सम्माननीय राष्ट्रपति श्रीमती विद्यादेवी भण्डारीले मिति २०७४ साल चैत्र १५ गते प्रारम्भ भएको संघीय ससंदको अधिवेशन नेपालको संविधानको धारा ९३ को उपधारा (१) बमोजिम सम्मानीय प्रधानमन्त्रीको सिफारिसमा सम्वत् २०७४ साल जेठ ४ गते अन्त्य गर्नु भयो ।

३.३. सम्माननीय राष्ट्रपति श्रीमती विद्यादेवी भण्डारीले मिति २०७५ साल बैशाख १६ गते नेपालको संविधानको धारा ९३ को उपधारा (१) बमोजिम सम्माननीय प्रधानमन्त्रीको सिफारिसमा सम्वत् २०७५ साल बैशाख २३ गते आइतबार का दिन अपरान्ह १६.०० बजे बस्ने गरी अन्तर्राष्ट्रिय सम्मेलन केन्द्र, नयाँ बानेश्वरमा संघीय ससंदको अधिवेशन आह्वान गर्नु भयो ।

३.४ सम्माननीय राष्ट्रपति श्रीमती विद्यादेवी भण्डारीले संघीय ससंदको चालु अधिवेशनमा मिति २०७५ साल जेठ ७ गते नेपाल सरकारको नीति तथा कार्यक्रम सहित सम्बोधन गर्नु भयो ।

३.५ सम्माननीय राष्ट्रपति श्रीमती विद्यादेवी भण्डारीले मिति २०७५ साल असार १ गते शुक्रबारका दिन सम्माननीय प्रधानमन्त्रीको सिफारिसमा २०७५ साल असार ३ गते आइतबारका दिन अपर ान्ह ४ बजे बस्ने गरी अन्तर्राष्ट्रिय सम्मेलन केन्द्र, नयाँ बाने श्वरमा संघीय ससंदको दुवै सदनको संयुक्त बैठक आह्वान गर्नु भयो ।

## ४. शीतलनिवासमा आयोजित कार्यक्रमहरुः

### ४.१ राष्ट्रिय वाल दिवसको अवसरमा वालवालिकाहरुसंग भेटघाट

मिति २०७४ साल भदौ २८ गते बुधबारका दिन राष्ट्रिय वालदिवसको सन्दर्भमा राष्ट्रपति भवन, शीतलनिवासमा आयोजित बिशेष समारोहमा सम्माननीय राष्ट्रपति श्रीमती विद्यादेवी भण्डारी सरिक हुनु भयो । उक्त समारोहमा सम्माननीय राष्ट्रपतिले बिभिन्न सरकारी बिद्यालयमा अध्ययनरत बिद्यार्थीहरुसँग भेटघाट गर्नुका साथै बिद्यार्थीहरुद्वारा प्रस्तुत प्रतिभा अवलोकन गर्नु भएको थियो ।



## ४.२ डकुमेन्ट्री अवलोकन समारोहमा सरिक

मिति २०७४ साल भदौ ३० गते शुक्रबारका दिन राष्ट्रपति भवन, शीतलनिवासमा आयोजित नेपाली महिला संघर्ष र सफलता सम्बन्धी डकुमेन्ट्री अवलोकन समारोहमा सम्माननीय राष्ट्रपति श्रीमती विद्यादेवी भण्डारी सरिक हुनु भयो । उक्त अवसरमा सम्माननीय राष्ट्रपतिले नेपाली महिलाको संघर्षको इतिहासबारे बताँउदै सोही बमोजिम सफलता पनि प्राप्त गर्दै गइरहेको कुरामा जोड दिनु भयो । उक्त समारोहमा विभिन्न क्षेत्रका विशिष्ट महिलाहरुको उपस्थिति रहेको थियो ।

## ४.३ सडक दुर्घटनाका कारण, असर र रोकथाम विषयमा सरोकारवालासँगको भेटघाट कार्यक्रममा सरिक

मिति २०७४ असोज १ गते आइतबारका दिन राष्ट्रपति भवन, शीतलनिवासमा आयोजित सडक दुर्घटनाका कारण, असर र रोकथाम विषयमा सरोकारवालासँगको भेटघाट कार्यक्रममा सम्माननीय राष्ट्रपति श्रीमती विद्यादेवी भण्डारी सरिक हुनु भयो । उक्त कार्यक्रममा उपत्यका ट्राफिक प्रहरी प्रमुख, यातायात कार्यालयका प्रतिनिधि,यातायात सम्वद्ध बिभिन्न क्षेत्रका व्यक्तित्वहरुको समेत उपस्थिति रहेको थियो ।

## ४.४ रात्रिभोज समारोहमा सरिक

मिति २०७४ असोज ३ गते मंगलबारका दिन संविधान दिवस तथा राष्ट्रिय दिवसको उपलक्ष्यमा विदेशी कूटनैतिक नियोगका प्रमुखहरुको लागि राष्ट्रपति भवन, शीतलनिवासमा आयोजित रात्रिभोज समारोहमा सम्माननीय राष्ट्रपति श्रीमती विद्यादेवी भण्डारी सरिक हुनु भयो । उक्त समारोहमा बिभिन्न साँस्कृतिक झाँकीहरु समेत प्रस्तुत गरिएको थियो । नेपालस्थित विदेशी कुटनैतिक नियोगका प्रमुखहरु लगायत नेपालका बिशिष्ट ब्यक्तित्वहरुको समेत उक्त समारोहमा उपस्थिति रहेको थियो ।

## ४.५. बिजया दशमीको अवसरमा सर्वसाधारणलाई टिका प्रसाद प्रदानमा सरिक

मिति २०७४ साल असोज १४ गते शनिबारका दिन राष्ट्रपति भवन, शीतलनिवासमा सम्माननीय राष्ट्रपति श्रीमती विद्यादेवी भण्डारीले हिन्दुहरुको महान पर्व बिजया दशमीको अवसरमा सर्वसाधारणलाई टिका प्रसाद प्रदान गर्नुभयो ।





## ४.६ प्रमुख राजनीतिक दलका पदाधिकारीहरूसंगको भेटघाट

मिति २०७४ साल असोज ३० गते सोमबारका दिन राष्ट्रपति भवन, शीतलनिवासमा सम्माननीय राष्ट्रपति श्रीमती विद्यादेवी भण्डारी प्रमुख राजनीतिक दलका पदाधिकारीहरुसँग भएको भेटघाट कार्यक्रममा सरिक हुनुभयो। उक्त अवसरमा प्रमुख राजनीतिक दलका पदाधिकारीहरु लगायत विभिन्न दलका नेताहरुको उपस्थिति रहेको थियो।



## ४.७ संबैधानिक निकायका पदाधिकारीहरूबाट भेटघाट

मिति २०७४ साल असोज ३१ गते मंगलबारका दिन राष्ट्रपति भवन, शीतलनिवासमा सम्माननीय राष्ट्रपति श्रीमती विद्यादेवी भण्डारी संबैधानिक निकायका पदाधिकारीहरुबाट भएको भेटघाट कार्यक्रममा सरिक हुनुभयो।



## ४.८ गणतन्त्र दिवस २०७५

मिति २०७५ साल जेठ १४ गते सोमबारका दिन राष्ट्रपति भवन, शीतलनिवासमा गणतन्त्र दिवस, २०७५ को उपलक्ष्यमा आयोजित जलपान कार्यक्रममा सम्माननीय राष्ट्रपति श्रीमती विद्यादेवी भण्डारी सरिक हुनु भयो । उक्त अवसरमा राष्ट्रपति कार्यालयका सचिव श्री विनोद के सी ले उपस्थित बिशिष्ट अतिथी एवं अन्य अतिथीहरुलाई स्वागत गर्नु भयो । सो समारोहमा सम्माननीय उपराष्ट्रपति, सम्माननीय प्रधानमन्त्री, सम्माननीय सभामुख, माननीय मन्त्रीहरु, संघीय संसदका माननीय सदस्यहरु, बिभिन्न दलका नेतागण, बिभिन्न क्षेत्रका उच्च पदस्थ अधिकारीहरु लगायतको समुपस्थिति रहेको थियो ।



## ५ शीतलनिवास बाहिर आयोजित कार्यक्रमहरुमा सहभागिता र सम्बोधन

## ५.१ कदरपत्र प्रदान कार्यक्रममा सरिक

मिति २०७४ साल साउन १२ गते बिहिबारका दिन सम्माननीय राष्ट्रपति श्रीमती विद्यादेवी भण्डारी बौद्ध दर्शन प्रवर्द्धन तथा गुम्वा बिकास समितिद्वारा राष्ट्रिय सभा गृहमा आयोजित बौद्ध धर्मगुरुहरुलाई कदरपत्र प्रदान गर्ने कार्यक्रममा सरिक हुनु भयो ।



## ५.२ बाल बिबाह अन्त्य सम्बन्धी राष्ट्रिय अभियान समारोहमा सरिक

मिति २०७४ साल साउन २६ गते बिहिबारका दिन सम्माननीय राष्ट्रपति श्रीमती विद्यादेवी भण्डारी सामुदायिक रेडियो प्रसारक संघ नेपालद्वारा होटल र्‍याडिसनमा आयोजित बाल बिबाह अन्त्य राष्ट्रिय अभियान समारोहमा सरिक हुनुभयो । उक्त समारोहमा बोल्दै सम्माननीय राष्ट्रपतिले नेपालमा सामुदायिक रेडियोहरुले विभिन्न क्षेत्रमा ठूलो योगदान पुर्‍याउँदै आएको कुरा स्मरण गर्दै बाल विवाह, दाइजो प्रथा, बालश्रम, छाउपडी जस्ता विभिन्न प्रकारका कुरीति र परम्पराले पारेको नकारात्मक प्रभाव कम गर्नेतर्फ संचार माध्यमले योगदान गर्नुपर्ने विषयमा जोड दिनु भयो । उक्त समारोहमा माननीय कानून मन्त्री, महिला, बालबालिका तथा समाजकल्याण मन्त्री, माननीय सांसदहरु, राष्ट्रिय मानव अधिकार आयोगका माननीय अध्यक्ष लगायतको उपस्थिति रहेको थियो ।




## ५.३ अन्तर्राष्ट्रिय युवा दिवस समारोहमा सरिक

मिति २०७४ साल साउन २८ गते शनिबारका दिन सम्माननीय राष्ट्रपति श्रीमती विद्यादेवी भण्डारी युवा तथा खेलकुद मन्त्रालयको आयोजनामा राष्ट्रिय सभा गृह भृकुटीमण्डपमा आयोजित अन्तर्राष्ट्रिय युवा दिवस समारोहमा सरिक हुनुभयो ।



## ५.४ बार्षिकोत्सव समारोहमा सरिक

मिति २०७४ साल साउन ३० गते सोमबारका दिन सम्माननीय राष्ट्रपति श्रीमती विद्यादेवी भण्डारी परोपकार स्त्रीरोग तथा प्रसुती अस्पतालद्वारा थापाथलीमा आयोजित उक्त अस्पतालको ५८ औं बार्षिकोत्सव समारोहमा सरिक हुनु भयो ।

## ५.५ कृष्णमन्दिर दर्शनार्थ सरिक

मिति २०७४ साल साउन ३० गते सोमबारका दिन सम्माननीय राष्ट्रपति श्रीमती विद्यादेवी भण्डारी श्री कृष्ण जन्माष्टमीको अवसरमा पाटन कृष्णमन्दिर जानु भई श्रीकृष्णको दर्शन गर्नुभयो ।

## ५.६ साँस्कृतिक कार्यक्रममा सरिक

मिति २०७४ साल साउन ३० गते सोमबारका दिन सम्माननीय राष्ट्रपति श्रीमती विद्यादेवी भण्डारी भारतीय दूतावासद्वारा नेपाल आर्मी अफिसर्स क्लव, सुन्धारामा आयोजित सांस्कृतिक कार्यक्रममा सरिक हुनुभयो ।

## ५.७ श्रावणी मेला समापन समारोहमा सरिक

मिति २०७४ साल भदौ ६ गते मंगलबारका दिन सम्माननीय राष्ट्रपति श्रीमती विद्यादेवी भण्डारी केदारनाथको शिर डोलेश्वर महादेव संरक्षण तथा विकास समितिद्वारा सूर्य विनायक न.पा. स्थित डोलेश्वर मन्दिर प्राङ्गणमा आयोजित श्रावणी मेला समापन समारोहमा सरिक हुनुभयो । ऐतिहासिक, पुरातात्विक, र धार्मिक पर्यटकीय महत्व बोकेको उक्त क्षेत्रको संरक्षण र निर्माण कार्यको निरीक्षण गर्न पाउँदा खुशी लागेको बताउदै केदारनाथको शिर डोलेश्वर महादेवको अवस्थितिले गर्दा उक्त धार्मिक स्थलको छुट्टै महत्व रहेको सन्दर्भमा साँस्कृतिक र धार्मिक स्थलको संरक्षण र रेखदेखको लागि सम्बद्ध सबै पक्ष उत्तिकै सचेत रहनु पर्नेमा जोड दिनुभयो । उक्त समारोहमा माननीय रक्षामन्त्री, जनप्रतिनिधिहरु, राष्ट्रसेवक लगायतको उपस्थिति रहेको थियो ।



## ५.८ तीजको उपलक्ष्यमा पशुपतिनाथ मन्दिर दर्शनार्थ सरिक

मिति २०७४ साल भदौ ८ गते बिहिबारका दिन सम्माननीय राष्ट्रपति श्रीमती विद्यादेवी भण्डारी हिन्दु नारीहरुको महान चाड हरीतालिका तीजको अवसरमा श्री पशुपतिनाथको मन्दिर जानु भई भगवान श्री पशुपतिनाथको दर्शन गर्नु भयो ।

## ५.९ इन्द्रजात्राको अवसरमा आयोजित भैरव रथयात्रा कार्यक्रममा सरिक

मिति २०७४ साल भदौ २० गते मंगलबारका दिन सम्माननीय राष्ट्रपति श्रीमती विद्यादेवी भण्डारी इन्द्रजात्राको अवसरमा बसन्तपुर दरबार परिसरमा आयोजित श्री कुमारी, श्री गणेश र श्री भैरव रथयात्रा कार्यक्रममा सरिक हुनुभयो । उक्त समारोहमा सम्माननीय राष्ट्रपतिज्यूले भैरव रथयात्राको अवलोकन गर्नुका साथै कुमारीको दर्शन गर्नु भयो ।

## ५.१० इन्द्रजात्रापर्वको समापन समारोहमा सरिक

मिति २०७४ साल भदौ २५ गते सम्माननीय राष्ट्रपति श्रीमती विद्यादेवी भण्डारी इन्द्रजात्राको समापनको अवसरमा वसन्तपुर दरबार परिसरमा आयोजित कार्यक्रममा सरिक हुनुभयो ।

## ५.११ सम्मान कार्यक्रममा सरिक

मिति २०७४ साल भदौ ३० गते सम्माननीय राष्ट्रपति श्रीमती विद्यादेवी भण्डारी वाङमय शताब्दी पुरुष सत्यमोहन जोशी प्रतिष्ठानद्वारा राष्ट्रिय सभागृहमा आयोजित सम्मान कार्यक्रममा सरिक हुनुभयो ।

## ५.१२ बाह बर्षे देवीनाच कार्यक्रममा सरिक

मिति २०७४ साल भदौ ३१ गते शनिबारका दिन सम्माननीय राष्ट्रपति श्रीमती विद्यादेवी भण्डारी श्री श्वेतकाली संरक्षण तथा व्यवस्थापन समितिवाट आयोजित बाह्रवर्षे देवीनाच पर्वको अवसरमा हनुमानढोका स्थित नासलचोक परिसरमा आयोजित कार्यक्रममा सरिक हुनु भयो ।

## ५.१३ नवनिर्मित विद्यालय भवनको समुद्घाटन समारोहमा सरिक

मिति २०७४ साल असोज २ गते सोमबार का दिन सम्माननीय राष्ट्रपति श्रीमती विद्यादेवी भण्डारी श्री रत्नराज्य मा.वि को नवनिर्मित विद्यालय भवनको समुद्घाटन समारोहमा सरिक हुनु भयो ।



## ५.१४ संविधान दिवसको अवसरमा आयोजित समारोहमा सरिक

मिति २०७४ साल असोज २ गते सोमबारका दिन संविधान दिवस, २०७४ को उपलक्ष्यमा सम्माननीय राष्ट्रपति नयाँ बानेश्वरस्थित अन्तर्राष्ट्रिय सम्मेलन केन्द्रमा आयोजित स्वागत समारोहमा सरिक हुनुभयो । उक्त समारोहमा सम्माननीय उपराष्ट्रपति, सम्माननीय प्रधानमन्त्री, माननीय मन्त्रीहरु लगायत उच्च पदस्थ अधिकारीहरुको समेत उपस्थिति रहेको थियो ।

## ५.१५ गणेश उच्च माविको बार्षिकोत्सव समारोहमा सरिक

मिति २०७४ साल असोज ४ गते बुधबारका दिन सम्माननीय राष्ट्रपति श्रीमती विद्यादेवी भण्डारी गणेश उच्च मा.वि. गणेश चोक चपलीद्वारा आयोजित गणेश उच्च मा.वि. को ५७ औं वार्षिकोत्सव तथा अभिभावक दिवस समारोहमा सरिक हुनुभयो । सो समारोहमा बोल्दै सम्माननीय राष्ट्रपतिले उक्त स्कूलले शिक्षा क्षेत्रमा पुऱ्याएको योगदानको कदर गर्दै यसलाई निरन्तरता दिनु पर्नेतर्फ जोड दिनु भयो ।

## ५.१६ सामाजिक सेवा दिवस समारोहमा सरिक

मिति २०७४ असोज ६ गते शुक्रबारका दिन सम्माननीय राष्ट्रपति श्रीमती विद्यादेवी भण्डारी समाज कल्याण परिषदबाट समाज कल्याण परिषद्को प्राङ्गण लैनचौरमा आयोजित ३८ औं सामाजिक सेवा दिवस समारोहमा सरिक हुनुभयो । सो अवसरमा मन्त्रीगण, संवैधानिक अंगका प्रमूखहरु, महामहिम राजदूतहरु, माननीय सांसदहरु लगायतको उपस्थिति रहेको उक्त समारोहमा बोल्नु हुँदै सम्माननीय राष्ट्रपतिले सामाजिक सेवा दिवसले सम्पूर्ण गैरसरकारी संघ संस्था एवं समाजसेवीहरुलाई सामाजिक क्षेत्रमा निश्वार्थ भावनाले समर्पित भई अगाडि बढ्ने प्रेरणा मिलोस् भन्ने कामना गर्दै पुरस्कृत व्यक्तित्वहरुलाई बधाई समेत दिनु भयो ।

## ५.१७ सालिक अनावरण कार्यक्रममा सरिक

मिति २०७४ असोज ८ गते आइतबारका दिन सम्माननीय राष्ट्रपति श्रीमती विद्यादेवी भण्डारी चन्द्रागिरी हिल्स प्रालिद्वारा चन्द्रागिरीमा निर्मित पृथ्वीनारायण शाहको सालिक अनावरण कार्यक्रममा सरिक हुनुभयो ।



## ५.१८ फूलपातीको अवसरमा आयोजित समारोहमा सरिक

मिति २०७४ असोज ११ गते बुधबारका दिन सम्माननीय राष्ट्रपति श्रीमती विद्यादेवी भण्डारी फूलपातीको अवसरमा सैनिक मंच टुडिखेलमा नेपाली सेनाद्वारा आयोजित कार्यक्रममा सरिक हुनुभयो ।

## ५.१९ पलाञ्चोक भगवती लगायत शक्तिपीठको दर्शनार्थ सरिक

मिति २०७४ असोज १२ गते बिहीबारका दिन सम्माननीय राष्ट्रपति श्रीमती विद्यादेवी भण्डारी महाअष्टमीको अवसरमा पलाञ्चोक भगवती लगायत उपत्यकास्थित विभिन्न शक्तिपीठहरुको पूजाआजा एवं दर्शन गर्नु भयो ।

## ५.२० कोजाग्रत पूर्णिमाको अवसरमा नवदुर्गा मन्दिर दर्शनार्थ सरिक

मिति २०७४ असोज १९ गते बिहीबारका दिन सम्माननीय राष्ट्रपति श्रीमती विद्यादेवी भण्डारी कोजाग्रत पूर्णिमाको अवसरमा भक्तपुर स्थित नवदुर्गा मन्दिरमा पूजाआजा एवं दर्शन गर्नु भयो ।

## ५.२१ गोसाईकुण्ड दर्शनार्थ सरिक

मिति २०७४ असोज २० गते शुक्रबारका दिन सम्माननीय राष्ट्रपति श्रीमती विद्यादेवी भण्डारी रसुवास्थित पवित्र तिर्थस्थल गोसाईकुण्ड दर्शन गर्नु भयो ।

## ५.२२ शैक्षिक महोत्सव समारोहमा सरिक

मिति २०७४ असोज २२ गते आइतबारका दिन सम्माननीय र ाष्ट्रपति श्रीमती विद्यादेवी भण्डारी भवानी बहुमुखी क्याम्पस पालुङटार गोर्खाद्वारा क्याम्पस परिसरमा आयोजित शैक्षिक महोत्सव समारोहमा सरिक हुनुभयो । सो अवसरमा उक्त क्याम्पसलाई प्राविधिक शिक्षा तथा अन्तर्राष्ट्रिय मापदण्ड अनुसारको नेपालकै नमूना शैक्षिक संस्थाका रुपमा विकास गर्ने लक्ष्यका साथ आयोजित शैक्षिक तथा धार्मिक महोत्सवको सफलताको कामना गर्नुहुँदै एकीकरण अभियानमा महत्वपूर्ण भूमिका निर्वाह गर्न सफल प्रसिद्ध गोरखाभूमिका बासिन्दासँग अन्तर क्रिया गर्न पाउँदा खुशी लागेको धारणा व्यक्त गर्नु भयो । उक्त समारोहमा पूर्व प्रधानमन्त्री डा. बाबुराम भट्टराई, पूर्व उपप्रधानमन्त्री श्री नारायणकाजी श्रेष्ठ, पूर्वमन्त्री एवम् माननीय सांसद लगायतको उपस्थिति रहेको थियो ।

## ५.२३ विज्ञ चिकित्सकहरुको अन्तर्राष्ट्रिय सम्मेलनमा सरिक

मिति २०७४ असोज २४ गते मंगलबारका दिन सम्माननीय राष्ट्रपति श्रीमती विद्यादेवी भण्डारी काठमाडौं विश्व विद्यालयद्वारा उक्त विश्वविद्यालय परिसरमा आयोजित विज्ञ चिकित्सकहरुको अन्तर्राष्ट्रिय सम्मेलन समारोहमा सरिक हुनुभयो । सो अवसरमा बोल्नुहुँदै सम्माननीय राष्ट्रपतिले स्वास्थ्य क्षेत्रमा उल्लेख्य उपलब्धी हासिल गरेको काठमाडौं विश्वविद्यालय एवं धुलिखेल अस्पतालले 'महिलाको स्वास्थ्य' सम्बन्धी उपयोगी र समयसापेक्ष अन्तर्राष्ट्रिय कार्यशाला गोष्ठी आयोजना गरेकोमा धन्यवाद दिँदै कार्यक्रमको पूर्ण सफलताको कामना गर्नु भयो । साथै उक्त गोष्ठीमा विज्ञ विशेषज्ञहरुको सहभागीताले महिला स्वास्थ्य क्षेत्रमा व्यापक छलफल भई एउटा सर्वस्वीकृत मान्यता विकास हुनेछ भन्ने विश्वास व्यक्त गर्नु भयो ।



## ५.२४ विज्ञान प्रयोगशाला समुद्घाटन समारोहमा सरिक

मिति २०७४ असोज २५ गते बुधबारका दिन सम्माननीय राष्ट्रपति श्रीमती विद्यादेवी भण्डारी जुम्लास्थित चन्दननाथ मा.बि.को नवनिर्मित बिज्ञान प्रयोगशाला भवनको समुद्घाटन समारोहमा सरिक हुनुभयो । सो अवसरमा सम्माननीय राष्ट्रपतिले प्राकृतिक सौन्दर्यले सुशोभित, भाषिक एवं साँस्कृतिक सम्पदाले सम्पन्न र दूर्लभ वनस्पति एवं जडिबूटीले समृद्ध कर्णाली क्षेत्रका मेहनती, स्वाभिमानी नागरिकसँग ऐतिहासिक चन्दननाथ मा.वि.को प्राङ्गणमा अन्तरक्रिया गर्न पाउँदा खुशी लागेको बताउदै इतिहास बोकेको चन्दननाथ माविको उन्नतिमा सहयोग र सहकार्य गर्ने सबै पक्षको सराहना गर्दै नवनिर्मित विज्ञान प्रयोगशालाबाट सम्बद्ध सबैले लाभ हासिल गर्नुहुनेछ भन्दै विद्यालयको उत्तरोत्तर प्रगतिको कामना समेत गर्नु भयो ।

## ५.२५ खप्तड राष्ट्रिय निकुञ्जको अवलोकन कार्यक्रममा सरिक

मिति २०७४ असोज २६ गते बिहीबारका दिन सम्माननीय राष्ट्रपति श्रीमती विद्यादेवी भण्डारी खप्तड राष्ट्रिय निकुञ्जको अवलोकन कार्यक्रममा सरिक हुनुभयो ।

## ५.२६ गैर आवासीय नेपालीहरुको बिश्व सम्मेलन समारोहमा सरिक

मिति २०७४ असोज २८ गते शनिबारका दिन सम्माननीय राष्ट्रपति श्रीमती विद्यादेवी भण्डारी काठमाडौं स्थित होटल ह्यातमा आयोजित गैरआवासीय नेपालीहरुको विश्वसम्मेलन समुद्घाटन समारोहमा सरिक हुनुभयो । सो अवसरमा आठौं गैरआवासीय नेपाली विश्वसम्मेलनको उद्घाटन समारोहमा सरिक हुन पाएकोमा खुशी व्यक्त गर्नुहुँदै संसारभरी छरिएर रहेका नेपालीहरूलाई गोलबद्ध गरी एकआपसमा सहयोग आदानप्रदान गर्न र नेपालको विकास र समृद्धिमा योगदान गर्न गैरआवासीय नेपाली संघले विगत डेढ दशकदेखि महत्वपूर्ण भूमिका निर्वाह गरेकोप्रति धन्यवाद व्यक्त गर्नु भयो ।

## ५.२७ अन्तर्राष्ट्रिय थाहा दिवस समारोहमा सरिक

मिति २०७४ असोज ३० गते सोमबारका दिन सम्माननीय राष्ट्रपति श्रीमती विद्यादेवी भण्डारी राष्ट्रिय सूचना आयोगद्वारा राष्ट्रिय सभागृहमा आयोजित अन्तर्राष्ट्रिय थाहा दिवस समारोहमा सरिक हुनुभयो ।

## ५.२८ जलपान समारोहमा सरिक

मिति २०७४ कार्तिक १ गते बुधबारका दिन सम्माननीय राष्ट्रपति श्रीमती विद्यादेवी भण्डारी सम्माननीय उपराष्ट्रपतिको निमन्त्रणामा उपराष्ट्रपतिको कार्यालय, बहादुरभवनद्वारा शुभ दिपावली, छठ पर्व एवं नेपाल संम्वत् ११३८ को अवसरमा आयोजित भेटघाट तथा जलपान समारोहमा सरिक हुनुभयो । उक्त समारोहमा सम्माननीय प्रधानमन्त्री, माननीय उपप्रधानमन्त्री, मन्त्रीगण, संवैधानिक अंगका पदाधिकारीहरु, राष्ट्रसेवक कर्मचारीहरु लगायतको उपस्थिति रहेको थियो ।

## ५.२९ ज्यापू म्यूजियम समुद्घाटन समारोहमा सरिक

मिति २०७४ कार्तिक ७ गते मंगलबारका दिन सम्माननीय राष्ट्रपति श्रीमती विद्यादेवी भण्डारी ज्यापू समाजद्वारा ललितपुरस्थित च्यासल ९ मा आयोजित ज्यापू म्यूजियम समुद्घाटन समारोहमा सरिक हुनुभयो ।



## ५.३० छठ पर्वको अवसरमा विभिन्न समारोहमा सरिक

मिति २०७४ कार्तिक ९ गते बिहीबारका दिन सम्माननीय राष्ट्रपति श्रीमती विद्यादेवी भण्डारी छठ पर्वको अवसरमा गुहेश्वरी, गौरीघाट तथा कमलपोखरीमा आयोजित समारोहमा सरिक हुनुभयो।

## ५.३१ ताप्लेजुङ जिल्लास्थित विभिन्न समारोहमा सरिक

मिति २०७४ कार्तिक १० गते शुक्रबारका दिन सम्माननीय राष्ट्रपति श्रीमती विद्यादेवी भण्डारी ताप्लेजुङस्थित पाथिभरा मन्दिर दर्शनार्थ सरिक हुनुभयो। सो अवसरमा कञ्चनजंघा संरक्षण क्षेत्रको अवलोकन एवं जानकारी लिनु भयो। साथै मौवाखोला गाउँपालिका ढुंगेसाँघु ताप्लेजुङद्वारा आयोजित नागरिक अभिनन्दन समारोहमा सरिक हुनुभयो।

## ५.३२ चित्रकला प्रर्दशनी समुद्घाटन समारोहमा सरिक

मिति २०७४ कार्तिक १७ गते शुक्रबारका दिन सम्माननीय राष्ट्रपति श्रीमती विद्यादेवी भण्डारी नेपाल कला परिषद् बबरमहलद्वारा आयोजित चित्रकला प्रर्दशनीको समुद्घाटन समारोहमा सरिक हुनुभयो।

## ५.३३ प्रज्ञा दिवस समारोहमा सरिक

मिति २०७४ कार्तिक १८ गते शनिबारका दिन सम्माननीय राष्ट्रपति श्रीमती विद्यादेवी भण्डारी सिद्धार्थवनस्थली इन्स्टिच्यूटद्वारा उक्त इन्स्टिच्यूट परिसरमा आयोजित प्रज्ञा दिवस समारोहमा सरिक हुनुभयो। उक्त समारोहमा बोल्नु हुँदै सम्माननीय राष्ट्रपतिले सिद्धार्थवनस्थली इन्स्टिच्यूटले लामो समय देखि उत्कृष्ट शैक्षिक जनशक्ति उत्पादन गरी सामाजिक विकास एवं राष्ट्र निर्माणमा पुऱ्याएको योगदानको सहर्ष स्मरण गर्दै सम्मानित व्यक्तित्व डा. सन्दुक रुइतले आँखा रोगको उपचारमा पुऱ्याउनु भएको महत्वपूर्ण योगदानको उच्च प्रशंसा एवं उत्तरोत्तर प्रगतिको कामना गर्नु भयो।

## ५.३४ गणेशमान सिह तथा जनआन्दोलन शहीद स्मृति शान्ति प्रतिष्ठानद्वारा आयोजित समारोहमा सरिक

मिति २०७४ कार्तिक २४ गते शुक्रबारका दिन सम्माननीय राष्ट्रपति श्रीमती विद्यादेवी भण्डारी गणेशमान सिंह तथा जनआन्दोलन शहीद स्मृति शान्ति प्रतिष्ठानद्वारा शान्तिबाटिका रानीपोखरीमा आयोजित सर्वमान्य नेता गणेशमान सिंहको १०३ औं जन्मजयन्ती समारोहमा सरिक हुनुभयो। उक्त समारोहमा सम्माननीय राष्ट्रपतिज्यूले लोकतान्त्रिक आन्दोलनका शीर्ष नेता गणेशमान सिंहको योगदानको स्मरण गर्दै लोकतन्त्रको सुदृढीकरणका निमित्त अनुकरणीय योगदान गर्ने उहाँको राजनीतिक आदर्शबाट सबैले प्रेरणा लिनु पर्नेमा जोड दिनुभयो। सो अवसरमा संविधान निर्माण एवं घोषणा गर्न महत्वपूर्ण भूमिका निर्वाह गर्नुभएका पूर्व राष्ट्रपति डा. रामवरण यादवलाई अभिनन्दन गरिनु अत्यन्त सामयिक र खुशीको विषयरहेको धारणासमेत व्यक्त गर्नु भयो।

## ५.३५ सिन्धुलीगढी विजयोत्सव समारोहमा सरिक

मिति २०७४ कार्तिक २४ गते शुक्रबारका दिन सम्माननीय राष्ट्रपति श्रीमती विद्यादेवी भण्डारी कमलामाई नगरपालिका सिन्धुलीको आयोजनामा भएको ऐतिहासिक सिन्धुलीगढी विजयोत्सव समारोहमा सरिक हुनुभयो। उक्त अवसरमा सम्माननीय राष्ट्रपतिले अग्ला चुचुरा, बनजंगल र नदीद्वारा सुशोभित प्राकृतिक रुपले सुन्दर एवं ऐतिहासिक, पुरातात्विक र साँस्कृतिकरुपले सम्पन्न सिन्धुलीमा महत्वपूर्ण समारोह आयोजना भएकोमा खुशी व्यक्त गर्दै ऐतिहासिक सिन्धुली गढीबारे वर्तमान पुस्तालाई परिचित गराउने उक्त समारोह सफल हुने विश्वास व्यक्त गर्नु भयो।

## ५.३६ हस्तकला तथा व्यापारमेला समुद्घाटन समारोहमा सरिक

मिति २०७४ मंसीर १ गते शुक्रबारका दिन सम्माननीय राष्ट्रपति श्रीमती विद्यादेवी भण्डारी नेपाल हस्तकला महासंघद्वारा प्रदर्शनी स्थल भृकुटीमण्डपमा आयोजित १५ औं व्यापारमेला तथा १३ औं हस्तकला प्रतियोगिताको समुद्घाटन समारोहमा सरिक हुनुभयो । उक्त समारोहमा सम्माननीय राष्ट्रपतिले हस्तकलाको योजनाबद्ध विकासले भावी नेपालको आर्थिक, सामाजिक रुपान्तरण तथा समृद्धिमा अहं भूमिका खेल्ने प्रशस्त संभावना रहेकोतर्फ ध्यानाकर्षण गराउनु भयो । साथै १३ औं हस्तकला प्रतियोगितामा पुरस्कृत हुनुहुने सबैलाई हार्दिक बधाई ज्ञापन गर्नुहुँदै आफूले जानेको सीप, ज्ञान र उद्यमशीलता प्रबर्द्धनमा थप सक्रिय र सृजनात्मक हुन आव्हान गर्नु भयो ।

## ५.३७ स्वर्णजयन्ती समारोहमा सरिक

मिति २०७४ मंसीर २ गते शनिबारका दिन सम्माननीय राष्ट्रपति श्रीमती विद्यादेवी भण्डारी ब्रहमकुमारी राजयोग सेवा केन्द्रद्वारा पशुपति क्षेत्र प्राङ्गणमा आयोजित स्वर्ण जयन्ती महोत्सव समुद्घाटन समारोहमा सरिक हुनुभयो । उक्त समारोहमा सम्माननीय राष्ट्रपतिले नारीशक्तिको उत्थान र सहभागितामा विकृति एवं विसंगतिरहित सुखी र सम्पन्न समाज निर्माण गर्न उक्त संस्थाले देखाएको तत्परता प्रेरणादायी रहेको बताउनुहुँदै निमन्त्रणाको लागि आयोजकलाई धन्यवाद समेत दिनु भयो ।




## ५.३८ WONCA And GPAN Conference मा सरिक

मिति २०७४ मंसीर ९ गते शनिबारका दिन सम्माननीय राष्ट्रपति श्रीमती विद्यादेवी भण्डारी GPAN द्वारा र्‍याडिसन होटलमा आयोजित World Organization of National Colleges and Academy of Family Physicians (WONCA) And General Practitioner's Association of Nepal (GPAN) Conference मा सरिक हुनुभयो ।

## ५.३९ फाल्गुनन्द बहुभाषिक पाठशाला तथा शालिक अनावरण कार्यक्रममा सरिक

मिति २०७४ मंसीर १० गते आईतबारका दिन सम्माननीय राष्ट्रपति श्रीमती विद्यादेवी भण्डारी इलामस्थित चुलाचुली १ मा फाल्गुनन्द नोमाङगेना सेवा संघद्वारा आयोजित बहुभाषिक पाठशाला तथा शालिक अनावरण कार्यक्रममा सरिक हुनुभयो । सो अवसरमा बोल्दै सम्माननीय राष्ट्रपतिले नेपालका राष्ट्रिय बिभूतिको शालिक अनावरण गरी उहाँकै नाममा बहुभाषिक पाठशाला स्थापना गर्नु निकै सकारात्मक कदम भएको बताउनुहुँदै यसले नेपाली कला संस्कृतिको जगेर्नामा थप बल पुग्ने धारणा व्यक्त गर्नु भयो ।

## ५.४० समुद्घाटन समारोहमा सरिक

मिति २०७४ मंसीर १२ गते मंगलबारका दिन सम्माननीय राष्ट्रपति श्रीमती विद्यादेवी भण्डारी भौगर्भिक समाजद्वारा होटल याक एण्ड यतिमा आयोजित ११औं Asian Regional Conference of IAEG on Engineering Geology For Geodisaster Management को समुद्घाटन समारोहमा सरिक हुनुभयो ।

## ५.४१ समुद्घाटन समारोहमा सरिक

मिति २०७४ मंसीर १४ गते बिहीबारका दिन सम्माननीय राष्ट्रपति श्रीमती विद्यादेवी भण्डारी नेपाल चेम्बर अफ कर्मशद्वारा प्रदर्शनी स्थल भृकुटीमण्डपमा आयोजित नेपाल चेम्बर एक्स्पो २०१७ समुद्घाटन समारोहमा सरिक हुनुभयो ।




## ५.४२ ज्यापू दिवस समारोहमा सरिक

मिति २०७४ मंसीर १७ गते आइतबारका दिन सम्माननीय र ाष्ट्रपति श्रीमती विद्यादेवी भण्डारी ज्यापू सांस्कृतिक विकास कोषद्वारा बसन्तपुर काठमाडौंमा आयोजित १४ औं राष्ट्रिय ज्यापू दिवस समारोहमा सरिक हुनुभयो । उक्त समारोहमा बोल्नुहुँदै सम्माननीय राष्ट्रपतिले आफ्नो समुदायको कला, सीप र संस्कृतिको जगेर्ना गर्ने उद्देश्यले आयोजित राष्ट्रिय ज्यापू दिवसको कार्यक्रममा सरिक भई ज्यापू समुदायसँग अन्तरक्रिया गर्न पाउँदा खुशी लागेको बताउनुहुँदै कला, संस्कृति, भेषभूषाद्वारा समेत मुलुकलाई साँस्कृतिकरुपमा समृद्ध बनाउन ज्यापू समुदायले खेलेको भूमिका अनुकरणीय रहेको धारणा व्यक्त गर्नुभयो ।

## ५.४३ अन्तर्राष्ट्रिय सम्मेलन समुद्घाटन समारोहमा सरिक

मिति २०७४ मंसीर १७ गते आइतबारका दिन सम्माननीय राष्ट्रपति श्रीमती विद्यादेवी भण्डारी जनसंख्या तथा वातावरण मन्त्रालय र इसिमोडको संयुक्त आयोजनामा इसिमोडको परिसर खुमलटारमा भएको अन्तर्राष्ट्रिय सम्मेलनको समुद्घाटन समारोहमा सरिक हुनुभयो ।

## ५.४४ भवन शिलान्यास समारोहमा सरिक

मिति २०७४ मंसीर १८ गते सोमबारका दिन सम्माननीय राष्ट्रपति श्रीमती विद्यादेवी भण्डारी महालेखापरीक्षक कार्यालयको अनामनगरमा नवनिर्मित भवन शिलान्याश समारोहमा सरिक हुनुभयो ।



## ५.४५ विश्व मानव अधिकार दिवस, २०७४ समुद्घाटन समारोहमा सरिक

मिति २०७४ साल मंसिर २३ गते शनिबारका दिन सम्माननीय राष्ट्रपति श्रीमती विद्यादेवी भण्डारी राष्ट्रिय मानव अधिकार आयोगद्वारा नेपाल सांस्कृतिक संघ डिल्लीबजार परिसरमा आयोजित ७९ औं विश्व मानव अधिकार दिवस २०१७ समुद्घाटन समारोहमा सरिक हुनुभयो । उक्त समारोहमा सम्माननीय उपराष्ट्रपति, सम्माननीय प्रधानमन्त्री, सम्माननीय प्रधानन्यायाधीश, सम्माननीय सभामुख, माननीय मन्त्रीहरु, संवैधानिक अंगका पदाधिकारीहरु बिभिन्न राजनैतिक दलका नेताहरु लगायतका बिशिष्ट अतिथिहरुको समुपस्थिति रहेको थियो ।

## ५.४६ जलपान समारोहमा सरिक

मिति २०७४ साल मंसिर २३ गते शनिबारका दिन सम्माननीय र ष्ट्रपति श्रीमती विद्यादेवी भण्डारी सम्माननीय प्रधानमन्त्रीबाट ७९औं अन्तर्राष्ट्रिय मानव अधिकार दिवसको उपलक्ष्यमा सिंहदरबार ग्यालरी बैठक अगाडि आयोजित जलपान समारोहमा सरिक हुनुभयो । उक्त समारोहमा सम्माननीय उपराष्ट्रपति, सम्माननीय प्रधानमन्त्री, सम्माननीय प्रधानन्यायाधीश, सम्माननीय सभामुख, माननीय मन्त्रीहरु, संवैधानिक अंगका पदाधिकारीहरु बिभिन्न राजनैतिक दलका नेताहरु लगायतका बिशिष्ट अतिथिहरुको समुपस्थिति रहेको थियो ।

## ५.४७ गुम्बा शिलालेख समुद्घाटन समारोहमा सरिक

मिति २०७४ साल मंसिर २६ गते मंगलबारका दिन सम्माननीय राष्ट्रपति श्रीमती विद्यादेवी भण्डारी ह्योल्मो समाज सेवा केन्द्र तिनचुलीद्वारा आयोजित ह्योल्मो जावसाङ देक्षेन होसेन छोलिङ गुम्बा शिलालेख समुद्घाटन समारोहमा सरिक हुनुभयो । माननीय मन्त्री, सांसद, राष्ट्रसेवक लगायतको उपस्थिति रहेको उक्त समारोहमा सम्माननीय राष्ट्रपतिले अल्पसंख्यक रुपमा रहेको ह्योल्मो जातीले विभिन्न परिवेशमा रहेको आफ्नो समुदायलाई एकत्रित र संगठित गरी आपसी एकताको सुदृढीकरण तथा आफ्नो अनुपम वेशभूषा, संस्कृति, खानपान, रहनसहन र रीतिरिवाजलाई संरक्षण गर्न गरेको प्रयासको सराहना गर्नु भया ।



## ५.४८ राखेप च्याम्पियनसीप, २०७४ समुद्घाटन समारोहमा सरिक

मिति २०७४ साल पुस ९ गते आइतबारका दिन सम्माननीय राष्ट्रपति श्रीमती विद्यादेवी भण्डारी राष्ट्रिय खेलकुद परिषद्द्वारा खेलकुद परिषद् सातदोबाटोमा आयोजित राखेप च्याम्पियनसीप समुद्घाटन समारोहमा सरिक हुनुभयो । उक्त अवसरमा राष्ट्रिय खेलकूद परिषद्द्वारा आयोजित राष्ट्रिय खेलकूद परिषद् च्याम्पियनसीप, २०७४ को समुद्घाटन समारोहमा खेलकूद क्षेत्रसँग आबद्ध समुदाय र खेलप्रेमीहरुसँग भेटघाट गर्न पाउँदा खुशी लागेको बताउनु हुँदै राज्यको पुनः संरचना र बढ्दो आवश्यकता अनुरुप खेलकूदका थप भौतिक संरचना, पूर्वाधार विकास र निर्माण गर्दै अघि बढ्नु पर्नेमा जोड दिनुभयो । सो समारोहमा माननीय युवा तथा खेलकूद राज्यमन्त्री, आयोजक संस्थासँग आबद्ध पदाधिकारीहरु,राष्ट्रसेवकहरु, खेलाडी तथा खेलप्रेमी लगायतको उपस्थिति रहेको थियो ।



## ५.४९ स्वर्ण जयन्ती समारोहमा सरिक

मिति २०७४ साल पुस १४ गते शुक्रबारका दिन सम्माननीय राष्ट्रपति श्रीमती विद्यादेवी भण्डारी श्री कान्ति भैरव मा. वि. थली डाँछीद्वारा बिद्यालय प्राङ्गणमा आयोजित बिद्यालय स्वर्ण जयन्ती समारोहमा सरिक हुनुभयो ।



## ५.५० हिमालयन हाइड्रो एक्स्पो समुद्घाटन समारोहमा सरिक

मिति २०७४ साल पुस २१गते शुक्रबारका दिन सम्माननीय राष्ट्रपति श्रीमती विद्यादेवी भण्डारी भृकुटीमण्डपमा आयोजित हिमालयन हाइड्रो एक्स्पो समुद्घाटन समारोहमा सरिक हुनुभयो ।

## ५.५१ प्रतिमा माल्र्यापण समारोहमा सरिक

मिति २०७४ साल पुस २७ गते बिहीबारका दिन सम्माननीय राष्ट्रपति श्रीमती विद्यादेवी भण्डारी २९६औं पृथ्वी जयन्ती तथा राष्ट्रिय एकता दिवसको अवसरमा सिंहदरबार पश्चिम ढोकामा आयोजित राष्ट्र निर्माता पृथ्वीनारायण शाहको प्रतिमा माल्यार्पण समारोहमा सरिक हुनुभयो ।

## ५.५२ क्रिकेट कार्निभल समारोहमा सरिक

मिति २०७४ साल माघ ५ गते शुक्रबारका दिन सम्माननीय राष्ट्रपति श्रीमती विद्यादेवी भण्डारी मदन भण्डारी स्पोर्ट्स एकेडेमीद्वारा त्रि.वि.वि. क्रिकेट मैदान किर्तीपुरमा आयोजित क्रिकेट कार्निभल समारोहमा सरिक हुनुभयो ।



## ५.५३ स्वर्ण स्मारक समारोहमा सरिक

मिति २०७४ साल माघ ६ गते शनिबारका दिन सम्माननीय राष्ट्रपति श्रीमती विद्यादेवी भण्डारी जनता आधारभूत बिद्यालयद्वारा बेलबारी १ मोरङमा आयोजित समारोहमा सरिक हुनुभयो । सो अवसरमा तीन दशक अघिदेखि परिचित विद्यालयमा उक्त क्षेत्रका सहृदयी जनसमुदायसँग भव्य समारोहमा खुशी व्यक्त गर्ने मौका मिलेकोमा आभार प्रकट गर्नुहुँदै सामुदायिक विद्यालयमध्ये को उक्त विद्यालयले गुणस्तरीय शिक्षा उपलब्ध गराउन र अनुशासित विद्यार्थीहरु तयार पार्न देखाएको प्रतिबद्धताको सराहना गर्नु भयो ।

## ५.५४ इटहरी गोल्डकप समारोहमा सरिक

मिति २०७४ साल माघ ६ गते शनिबारका दिन सम्माननीय र ाष्ट्रपति श्रीमती विद्यादेवी भण्डारी मदन भण्डारी स्मृती प्रतिष्ठानद्वारा इटहरी रंगशालामा आयोजित अन्तर्राष्ट्रिय इटहरी गोल्डकप फुटवल प्रतियोगिता, २०७४ समुद्घाटन समारोहमा सरिक हुनुभयो । उक्त अवसरमा सम्माननीय राष्ट्रपतिले राष्ट्रको पहिचानलाई स्थापित गर्न खेलकूदको भूमिका महत्वपूर्ण रहने वताउनुहुँदै सुन्दर नगरी ईटहरीमा यस प्रकारको प्रतियोगिता आयोजना हुनु खुशीको विषय रहेको बताउनु भयो । सो अवसरमा फुटबल खेललाई व्यावसायिक बनाउने उद्देश्य राखेर शुरु गरिएको उक्तकार्यक्रमबाट फूटबल खेलाडी तथा खेलप्रेमीहरुको कदर हुने विश्वास व्यक्त गर्नु भयो । उक्त अवसरमा माननीय युवा तथा खेलकूद मन्त्री, प्रतिनिधि सभा र प्रदेशसभाका सदस्यहरु,उपमहानगरपालिका प्रमुख तथा उपप्रमुखलगायतको उपस्थिति रहेको थियो ।

## ५.५५ बसन्तश्रवण समारोहमा सरिक

मिति २०७४ साल माघ ८ गते सोमबारका दिन सम्माननीय राष्ट्रपति श्रीमती विद्यादेवी भण्डारीगृह मन्त्रालयद्वारा नासलचोक बसन्तपुर, काठमाडौंमा आयोजित बसन्त श्रवण समारोहमा सरिक हुनुभयो ।

## ५.५६ नेपाल पावर इन्भेष्टमेन्ट समिट समुद्घाटन समारोहमा सरिक

मिति २०७४ साल माघ १३ गते शनिबारका दिन सम्माननीय राष्ट्रपति श्रीमती विद्यादेवी भण्डारी इनर्जी डेभलपमेन्ट काउन्सीलद्वारा होटल सोल्टीमा आयोजित नेपाल पावर इन्भेष्टमेन्ट समिट समुद्घाटन समारोहमा सरिक हुनुभयो । उक्त अवसरमा सम्माननीय राष्ट्रपतिले उर्जा विकास, आपूर्ति र संकट वर्तमान विश्वको एक जल्दोबल्दो विषयवस्तु भएको परिप्रेक्ष्यमा अन्तर्राष्ट्रिय क्षेत्रबाट समेत लगानीकर्ता एवं विज्ञ विशेषज्ञहरु जुटाएर सम्मेलन आयोजना गरेकोमा आयोजकलाई धन्यवाद दिनुहुँदै देशको अपार जलस्रोतको सदुपयोग गर्ने कार्यमा सक्रियतापूर्वक लाग्न स्वदेशी तथा विदेशी लगानीकर्तालाई आव्हान गर्नु भयो । सो समारोहमा माननीय उपप्रधानमन्त्री तथा उर्जामन्त्री,विभिन्न देशका राजदूत तथा कूटनीतिज्ञहरु, उर्जाक्षेत्रसँग सम्बन्धित विज्ञ, विशेषज्ञहरु लगायतको उपस्थिति रहेको थियो ।

## ५.५७ भारतीय राजदूतावासद्वारा आयोजित साांस्कृतिक समारोहमा सरिक

मिति २०७४ साल माघ १३ गते शनिबारका दिन सम्माननीय राष्ट्रपति श्रीमती विद्यादेवी भण्डारी भारतीय राजदूतावासद्वारा नेपाल आर्मी अफिसर्स क्लवमा आयोजित सांस्कृतिक समारोहमा सरिक हुनुभयो ।

## ५.५८ स्वर्ण महोत्सव समुद्घाटन समारोहमा सरिक

मिति २०७४ साल माघ २१ गते आइतबारका दिन सम्माननीय राष्ट्रपति श्रीमती विद्यादेवी भण्डारी थाहा न.पा.७ मकवानपुर स्थित जनकल्याण उच्च मा.विद्वारा सोही बिद्यालय प्राङ्गणमा आयोजित विद्यालयको स्वर्ण महोत्सव समुद्घाटन समारोहमा सरिक हुनुभयो । उक्त समारोहमा सम्माननीय राष्ट्रपतिले अनेकौं समस्याहरुलाई झेल्दै एउटा सामुदायिक विद्यालयले स्थानीय स्रोत, साधन परिचालित गरी स्तरीय शिक्षा प्रदान गर्न सक्दछ भन्ने उदाहरणका रुपमा उक्त विद्यालयले आफूलाई उभ्याएकोमा खुशी व्यक्त गर्नुहुँदै भविष्यमा पनि यसलाई निरन्तरता दिने बिश्वास व्यक्त गर्नु भयो ।

## ५.५९ धनधान्याञ्चल बिराट महायज्ञ, २०७४ समुद्घाटन समारोहमा सरिक

मिति २०७४ साल माघ २१ गते आइतबारका दिन सम्माननीय राष्ट्रपति श्रीमती विद्यादेवी भण्डारी गलेश्वर आश्रम देवघाटधाम, तनहूँमा आयोजित धनधान्याञ्चल बिराट महायज्ञ, २०७४ समुद्घाटन समारोहमा सरिक हुनुभयो । उक्त समारोहमा सम्माननीय राष्ट्रपतिले पर्यटन विकास नेपाली अर्थतन्त्रको महत्वपूर्ण पक्ष रहेको सन्दर्भमा तनहूँ, नवलपुर र चितवन जिल्लाको संगमस्थलमा रहेको देवघाट धामलाई भौतिक पूर्वाधारसहितको अति आकर्षक साँस्कृतिक पर्यटकीय गन्तव्यको रूपमा विकसित गर्दै शान्ति, करुणा र भातृत्वमा विश्वास गर्ने सबैका लागि महत्वपूर्ण केन्द्रका रुपमा प्रबर्द्धन गर्नुपर्नेमा जोड दिदै अनुष्ठानको सफलता र सबैको सुख, शान्ति र समृद्धिको कामना गर्नुभयो ।

## ५.६० एकीकृत नमूना बस्ती हस्तान्तरण समारोहमा सरिक

मिति २०७४ साल माघ २३ गते मंगलबारका दिन सम्माननीय राष्ट्रपति श्रीमती विद्यादेवी भण्डारी धुर्मुस सुन्तली फाउन्डेसनद्वारा चन्द्रपुर नगरपालिका वडा नं. ८ सन्तपुर, रौतहटमा नवनिर्मित एकीकृत नमूना बस्ती हस्तान्तरण समारोहमा सरिक हुनुभयो । उक्त समारोहमा बोल्नुहुँदै सम्माननीय राष्ट्रपतिले धुर्मुस सुन्तली फाउण्डेशनद्वारा निर्मित एकीकृत नमूना सन्तपुर वस्ती दलित र विपन्न समुदायमा हस्तान्तरण गर्न कार्यक्रम आयोजना भएको मा खुशी व्यक्त गर्नु भयो । समुदायमा हस्तान्तरण भएको उक्त एकीकृत वस्ती समतामूलक र न्यायपूर्ण समाज स्थापना गर्ने संवैधानिक लक्ष्यमा कल्याणकारी संस्था, निकाय र व्यक्तिगत पहलकदमीको अनुपम उदाहरण भएको धारणा व्यक्त गर्नुभयो । उक्त समारोहमा कार्यक्रमका अध्यक्ष सीताराम कट्टेल (धुर्मुस) र कुन्जना घिमिरे (सुन्तली), प्रतिनिधि सभाका सदस्य, प्रदेश सभाका सदस्य, पुनःनिर्माण प्राधिकरणका प्रमुख कार्यकारी अधिकृत, वरिष्ठ हास्य कलाकारहरु लगायतको उपस्थिति रहेको थियो ।

## ५.६१ स्प्रिङ फेस्टिवल समारोहमा सरिक

मिति २०७४ साल माघ २६ गते शुक्रबारका दिन सम्माननीय राष्ट्रपति श्रीमती विद्यादेवी भण्डारी चिनियाँ नयाँ वर्षको उपलक्ष्यमा काठमाडौंस्थित चिनिया दूतावास र यूयान प्रान्तको सूचना कार्यालयद्वारा होटल याक एण्ड यति दरबारमार्गमा आयोजित स्प्रिङ फेस्टिवल गाला समारोहमा सरिक हुनुभयो ।

## ५.६२ २७ औं अख्तियार स्थापना दिवस समारोहमा सरिक

मिति २०७४ साल माघ २८ गते आइतबारका दिन सम्माननीय राष्ट्रपति श्रीमती विद्यादेवी भण्डारी अख्तियार दुरुपयोग अनुसन्धान आयोगद्वारा सशस्त्र प्रहरी क्लव भवन हल्चोकमा आयोजित आयोगको २७औं अख्तियार स्थापना दिवस समारोहमा सरिक हुनुभयो ।

## ५.६३ पूर्व सांसदहरुको राष्ट्रिय भेला उद्घाटन समारोहमा सरिक

मिति २०७४ साल माघ २९ गते सोमबारका दिन सम्माननीय राष्ट्रपति श्रीमती विद्यादेवी भण्डारी पूर्व सांसदमंचद्वारा राष्ट्रिय सभा गृह भृकुटी मण्डपमा आयोजित पूर्व सासंदहरुको राष्ट्रिय भेला समुद्घाटन समारोह, २०७४ मा सरिक हुनुभयो ।



## ५.६४ महाशिवरात्रीको अवसरमा पशुपतिनाथ दर्शनार्थ सरिक

मिति २०७४ साल फागुन १ गते मंगलबारका दिन सम्माननीय राष्ट्रपति श्रीमती विद्यादेवी भण्डारी महाशिवरात्रीको अवसरमा पशुपतिनाथ मन्दिर दर्शनार्थ सरिक हुनुभयो । साथै सोही दिन नेपाली सेनाद्वारा सेना दिवसको उपलक्ष्यमा सैनिक मञ्च टुँडिखेलमा आयोजित बढाँइ तथा सैनिक कला प्रर्दशनी समारोहमा समेत सरिक हुनुभयो ।



## ५.६५ रुरु क्षेत्र धार्मिक स्थलको अवलोकन एवं सँस्कृत तथा साधारण मा.वि.को सत्बार्षिकी समारोहमा सरिक

मिति २०७४ साल फागुन ४ गते शुक्रबारका दिन सम्माननीय राष्ट्रपति श्रीमती विद्यादेवी भण्डारी रुरु क्षेत्र धार्मिक स्थलको अवलोकन एवं संस्कृत तथा साधारण मा.वि.को सत्बार्षिकी महोत्सव समारोहमा सरिक हुनुभयो ।

## ५.६६ त्रिभुवन मा.वि. स्वर्ण महोत्सव समुद्घाटन समारोहमा सरिक

मिति २०७४ साल फागुन ४ गते शुक्रबारका दिन सम्माननीय राष्ट्रपति श्रीमती विद्यादेवी भण्डारी त्रिभुवन मा.वि. मुसिकोट नपा ६ कुर्घा, गुल्मीद्वारा विद्यालय प्राङ्गणमा आयोजित बिद्यालयको स्वर्ण महोत्सव समुद्घाटन समारोहमा सरिक हुनुभयो ।

## ५.६७ ६८औं प्रजातन्त्र दिवस समारोहमा सरिक

मिति २०७४ साल फागुन ७ गते सोमबारका दिन सम्माननीय राष्ट्रपति श्रीमती विद्यादेवी भण्डारीगृह मन्त्रालयद्वारा नेपाली सैनिक मञ्च, टुडिखेलमा आयोजित ६८ औं प्रजातन्त्र दिवस समारोहमा सरिक हुनुभयो । उक्त समारोहमा सम्माननीय उपराष्ट्रपति,सम्माननीय प्रधानमन्त्री,माननीय मन्त्रीहरु एवम् नेपाल सरकारका उच्च पदस्थ अधिकारी लगायतको समेत उपस्थिति रहेको थियो ।

## ५.६८ निर्वाचन दिवस समारोहमा सरिक

मिति २०७४ साल फागुन७ गते सोमबारका दिन सम्माननीय राष्ट्रपति श्रीमती विद्यादेवी भण्डारी निर्वाचन आयोगद्वारा आयोग परिसर बहादुरभवनमा आयोजित दोस्रो निर्वाचन दिवस समारोहमा सरिक हुनुभयो । उक्त समारोहमा सम्माननीय उपराष्ट्रपति, सम्माननीय प्रधानमन्त्री,माननीय मन्त्रीहरु, नेपाल सरकारका उच्च पदस्थ अधिकारी लगायतको समेत उपस्थिति रहेको थियो ।

## ५.६९ त्रिवेणीमा.वि. स्वर्ण महोत्सव समुद्घाटन समारोहमा सरिक

मिति २०७४ साल फागुन ८ गते मंगलबारका दिन सम्माननीय राष्ट्रपति श्रीमती विद्यादेवी भण्डारी त्रिवेणी मा.वि. कटारी नगर पालीका ४ उदयपुरद्वारा विद्यालय प्राङगणमा आयोजित विद्यालयको स्वर्ण महोत्सव समुद्घाटन समारोहमा सरिक हुनुभयो ।

## ५.७० श्री कृष्ण प्रणामी सेवा समिति नेपालको स्वर्ण महोत्सव समुद्घाटन समारोहमा सरिक

मिति २०७४ साल फागुन ८ गतेमंगलबारका दिन सम्माननीय र ाष्ट्रपति श्रीमती विद्यादेवी भण्डारी श्री कृष्ण प्रणामी सेवा समिति नेपालद्वारा रत्ननगर ११ जिरौना, चितवनमा आयोजित उक्त समितिको स्वर्ण महोत्सव समारोहमा सरिक हुनुभयो ।

## ५.७१ तालिम समापन समारोहमा सरिक

मिति २०७४ साल फागुन १३ गते आइतबारका दिन सम्माननीय राष्ट्रपति श्रीमती विद्यादेवी भण्डारी दुर्गावक्स गण शान्ति सेना आठौ डफ्फाको वीरेन्द्र शान्ति कार्य तालिम केन्द्र पाँचखालमा Pre-deployment तालीम समापन समारोहमा सरिक हुनुभयो ।

## ५.७२ अन्तर्राष्ट्रिय महिला दिवस समारोहमा सरिक

मिति २०७४ साल फागुन २४ गते बिहीबारका दिन सम्माननीय राष्ट्रपति श्रीमती विद्यादेवी भण्डारी महिला बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयद्वारा राष्ट्रिय सभा गृह, भृकुटीमण्डपमा आयोजित १०८ औं अन्तर्राष्ट्रिय महिला दिवस समारोहमा सरिक हुनुभयो । उक्त समारोहमा बोल्नुहुँदै सम्माननीय राष्ट्रपतिले महिला दिवसको उपलक्ष्यमा सम्पूर्ण नेपाली दिदीबहिनीहरु लगायत संसारभरका सबै दिदीबहिनीहरुमा सुख, शान्ति, समृद्धि, सुस्वास्थ्य र उत्तरोतर प्रगतिको कामना गर्नुभयो । अशिक्षा, पछौटेपन, गरिवी लगायतका कारणनेपाली महिलाहरुको समग्र स्थिति सन्तोषप्रदरुपमा माथि उठ्न नसकेको अवस्थामा यस दिवसले हामी सबैलाई महिलाहरुको हक, अधिकार, समानता, सशक्तिकरण तथा महिला मानव अधिकार सुनिश्चित गर्ने दिशामा एकीकृत पहल गर्ने प्रेरणा मिलोस् भन्ने धारणा व्यक्त गर्नुभयो ।

## ५.७३ घोडेजात्रा अवलोकन समारोहमा सरिक

मिति २०७४ साल चैत्र ३ गते शनिबारका दिन सम्माननीय राष्ट्रपति श्रीमती विद्यादेवी भण्डारी नेपाली सेनाद्वारा सैनिक मञ्च टुँडिखेलमा आयोजित घोडेजात्रा अवलोकन समारोहमा सरिक हुनुभयो ।

## ५.७४ नेपाल बार एशोशिएसनको १४औं राष्ट्रिय सम्मेलन तथा मदन भण्डारी गोल्डकप समुद्घाटन समारोहमा सरिक

मिति २०७४ साल चैत्र ९ गते शुक्रबारका दिन सम्माननीय राष्ट्रपति श्रीमती विद्यादेवी भण्डारीनेपाल बार एशोसिएनद्वारा होटल सिद्धार्थ भ्यू नेपालगञ्ज बाँकेमा आयोजित नेपाल बार एशो सिएसनको १४औ राष्ट्रिय सम्मेलन समुद्घाटन समारोहमा सरिक हुनुभयो । सोहीदिन मदन भण्डारी स्पोर्ट्स एकेडेमीद्वारा मानव ज्ञान खेल मैदान प्रांगण (बुटवल १०, रामनगर) मा आयोजित मदन भण्डारी गोल्डकप नकआउट प्रतियोगिताको समुद्घाटन समारो हमा सरिक हुनुभयो ।

## ५.७५ सेतो मच्छिन्द्रनाथ दर्शनार्थ सरिक

मिति २०७४ साल चैत्र ११ गते आइतबारका दिन सम्माननीय राष्ट्रपति श्रीमती विद्यादेवी भण्डारी सेतो मच्छिन्द्रनाथ दर्शनार्थ असन काठमाडौंमा सरिक हुनुभयो ।

## ५.७६ संघीय संसदमा सम्बोधन

मिति २०७४ साल चैत्र १५ गते बिहीबारका दिन सम्माननीय राष्ट्रपति श्रीमती विद्यादेवी भण्डारीबाट अन्तर्राष्ट्रिय सम्मेलन केन्द्रस्थित संघीय संसदको दुबै सदनलाई सम्बोधन भयो ।

## ५.७७ मदन भण्डारी संग्रहालय समुद्घाटन समारोहमा सरिक

मिति २०७४ साल चैत्र १६ गते शुक्रबारका दिन सम्माननीय राष्ट्रपति श्रीमती विद्यादेवी भण्डारी मदन भण्डारी स्मृति प्रतिष्ठानद्वारा मंगलबारे मोरङमा आयोजित मदन भण्डारी संग्रहालयको समुद्घाटन समारोहमा सरिक हुनुभयो ।

## ५.७८ राष्ट्रिय कविता गोष्ठि समुद्घाटन समारोहमा सरिक

मिति २०७४ साल चैत्र १७ गते शनिबारका दिन सम्माननीय राष्ट्रपति श्रीमती विद्यादेवी भण्डारी रामप्रसाद राई स्मृती प्रतिष्ठानद्वारा राष्ट्रिय सभागृह, काठमाडौंमा आयोजित राष्ट्रिय कविता गोष्ठि समुद्घाटन समारोहमा सरिक हुनुभयो ।

## ५.७९ मानव अधिकार सम्वन्धी अन्तर्राष्ट्रिय सम्मेलनको समुद्घाटन समारोहमा सरिक

मिति २०७४ साल चैत्र २६ गते सोमबारका दिन सम्माननीय राष्ट्रपति श्रीमती विद्यादेवी भण्डारी राष्ट्रिय मानव अधिकार आयोगद्वारा होटल याक एण्ड यति दरबारमार्गमा आयोजित अन्तर्राष्ट्रिय मानव अधिकार सम्मेलनको समुद्घाटन समारोहमा सरिक हुनुभयो ।

## ५.८० राष्ट्रिय साधना समुद्घाटन समारोहमा सरिक

मिति २०७५ साल बैशाख १ गते शनिबारका दिन सम्माननीय राष्ट्रपति श्रीमती विद्यादेवी भण्डारी राधा माधव समिति नेपालद्वारा श्यामा श्याम धाम, ठिमीमा आयोजित त्रिदिवसीय राष्ट्रिय साधना समुद्घाटन समारोहमा सरिक हुनुभयो ।

## ५.८१ शिलापत्र अनावरण समारोहमा सरिक

मिति २०७५ साल बैशाख ६ गते बिहीबारका दिन सम्माननीय राष्ट्रपति श्रीमती विद्यादेवी भण्डारी बृहद शान्ति धाम नेपालद्वारा तारकेश्वर २ काभ्रेस्थलीमा आयोजित बद्रिनारायण मन्दिर र गौपुरको शिलापत्र अनावरण समारोहमा सरिक हुनुभयो ।

## ५.८२ भूकम्प प्रभावित दरबार स्वायर क्षेत्र वसन्तपुरको अवलोकन

मिति २०७५ साल बैशाख १२ गते बुधबारका दिन सम्माननीय राष्ट्रपति श्रीमती विद्यादेवी भण्डारी भूकम्प प्रभावित दरबार स्क्वायर क्षेत्र वसन्तपुर अवलोकन समारोहमा सरिक हुनुभयो ।

## ५.८३ नवनिर्मित भवन हस्तान्तरण समारोहमा सरिक

मिति २०७५ साल बैशाख १६ गते आइतबारका दिन सम्माननीय राष्ट्रपति श्रीमती विद्यादेवी भण्डारी SOS Childrens Village Nepal द्वारा इन्द्रावती गाँउपालिका सिन्धुपाल्चोकमा आयोजित नवनिर्मित भवनहरु हस्तान्तरण समारोहमा सरिक हुनुभयो ।

## ५.८४ २५६२औं बुद्ध जयन्ती समारोहमा सरिक

मिति २०७५ साल बैशाख १७ गते सोमबारका दिन सम्माननीय राष्ट्रपति श्रीमती विद्यादेवी भण्डारी सस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयद्वारा लुम्बिनीमा आयोजित २५६२औं बुद्ध जयन्ती समुद्घाटन समारोहमा सरिक हुनुभयो ।

## ५.८५ सिंचाई तथा जल विकास सम्बन्धी एशियाली क्षेत्रिय सम्मेलन समुद्घाटन समारोहमा सरिक

मिति २०७५ साल बैशाख १९ गते बुधबारका दिन सम्माननीय राष्ट्रपति श्रीमती विद्यादेवी भण्डारी उर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालयद्वारा होटल याक एण्ड यति काठमाडौंमा आयोजित अन्तर्राष्ट्रिय सिंचाइ तथा जल विकास आयोगको एशियाली क्षेत्रिय सम्मेलन समुद्घाटन समारोहमा सरिक हुनुभयो ।

## ५.८६ सर्वोच्च अदालतद्वारा आयोजित जलपान समारोह

मिति २०७५ साल बैशाख २६ गते बुधबारका दिन सम्माननीय राष्ट्रपति श्रीमती विद्यादेवी भण्डारी कानून दिवसको उपलक्ष्यमा सर्वोच्च अदालतद्वारा अदालत परिसरमा आयोजित जलपान कार्यक्रममा सरिक हुनुभयो ।

## ५.८७ रातो मच्छिन्द्रनाथको भोटो देखाउने समारोहमा सरिक

मिति २०७५ साल बैशाख ३० गते आइतबारका दिन सम्माननीय राष्ट्रपति श्रीमती विद्यादेवी भण्डारी जावलाखेलमा रातो मच्छिन्द्रनाथको भोटो देखाउने समारोहमा सरिक हुनुभयो ।

## ५.८८ संघीय संसदको दुवै सदनको संयुक्त बैठकलाई सम्बोधन

मिति २०७५ साल जेठ ७ गते सोमबारका दिन सम्माननीय राष्ट्रपति श्रीमती विद्यादेवी भण्डारी अन्तर्राष्ट्रिय सम्मेलन केन्द्र नयाँ बानेश्वरस्थित संघीय संसदको दुवै सदनको संयुक्त बैठकलाई सम्बोधन गर्नु भयो ।



## ५.८९ गणतन्त्र दिवस समारोहमा सरिक

मिति २०७५ साल जेठ १५ गते मंगलबारका दिन सम्माननीय राष्ट्रपति श्रीमती विद्यादेवी भण्डारी गणतन्त्र दिवस, २०७५ को उपलक्ष्यमा गृह मन्त्रालयद्वारा नेपाली सैनिक मञ्च टुँडिखेलमा आयोजित समारोहमा सरिक हुनुभयो । उक्त समारोहमा सम्माननीय उपराष्ट्रपति, सम्माननीय प्रधानमन्त्री,सम्माननीय प्रधानन्यायाधीश लगायतका बिशिष्ट व्यक्तित्वहरुको उपस्थिति रहेको थियो ।

## ५.९० बार्षिकोत्सव समारोहमा सरिक

मिति २०७५ साल असार १ गते शुक्रबारका दिन सम्माननीय राष्ट्रपति श्रीमती विद्यादेवी भण्डारी लोकसेवा आयोगको ६८ औं वार्षिकोत्सवको उपलक्ष्यमा लोकसेवा आयोगद्वारा राष्ट्रिय सभागृहमा आयोजित विशेष समारोहमा सरिक हुनुभयो । उक्त समारोहमा सम्माननीय राष्ट्रपतिसमक्ष लोक सेवा आयोगको त्रिवर्षीय रणनीति योजना अर्पण गर्नुका साथै लोक सेवा आयोगमा कार्यरत उत्कृष्ट कर्मचारीलाई पुरस्कृत समेत गरिएको थियो ।




## ५.९१ बार्षिकोत्सव समारोहमा सरिक

मिति २०७५ साल असार १५ गते शुत्रबारका दिन सम्माननीय राष्ट्रपति श्रीमती विद्यादेवी भण्डारी महालेखापरीक्षकको कार्यालयको ६० औं वार्षिकोत्सवको उपलक्ष्यमा महालेखापरीक्षकको कार्यालयद्वारा राष्ट्रिय सभागृहमा आयोजित विशेष समारोहमा सरिक हुनुभयो । उक्त समारोहमा माननीय अर्थमन्त्री लगायतको उपस्थिति रहेको थियो ।

## ६. सम्माननीय राष्ट्रपतिबाट विभिन्न राष्ट्रिय चाडपर्वका अवसरमा दिइएका शुभकामना सन्देशहरू:

सम्माननीय राष्ट्रपति श्रीमती विद्यादेवी भण्डारीले २०७४ साल साउन १ देखि २०७५ साल असार मसान्तसम्म नेपालमा मनाइने विभिन्न चाडपर्व, दिवस र नयाँ वर्षको अवसरमा देशवासीका नाममा शुभकामना सन्देशहरु दिनु भएको थियो । विभिन्न अवसर मा सम्माननीय राष्ट्रपतिबाट दिइएका सन्देशहरुको विवरण देहाय अनुसार रहेको छः

- श्रीकृष्ण जन्माष्टमीको अवसरमा मिति २०७४ साल साउन ३० गते ।
- हरितालिका तीजको अवसरमा मिति २०७४ साल भदौ ८ गते ।
- गौरा पर्वको अवसरमा मिति २०७४ साल भदौ १३ गते ।
- संविधान दिवसको अवसरमा २०७४ साल असोज ३ गते ।
- विजयादशमीको अवसरमा २०७४ साल असोज १४ गते ।
- दिपावलीको अवसरमा २०७४ साल कार्तिक २ गते ।
- नेपाल संवत ११३८ को अवसरमा २०७४ साल कार्तिक ३ गते ।
- भाइटिकाको अवसरमा २०७४ साल कार्तिक ४ गते ।
- छठ पर्वको अवसरमा २०७४ साल कार्तिक ९ गते ।
- बिबाह पञ्चमीको अवसरमा २०७४ साल मंसिर ७ गते ।
- महिला बिरुद्ध हुने हिंसा निर्मूलन सम्बन्धी अन्तराष्ट्रियदिवसको अवसरमा २०७४ मंसिर ९ गते ।
- उधौली पर्वको अवसरमा २०७४ साल मंसिर १७ गते ।

- अन्तर्राष्ट्रिय अपाङ्ग दिवसको अवसरमा २०७४ साल मंसिर १७ गते ।
- बिश्व मानव अधिकार दिवसको अवसरमा २०७४ मंसिर २४ गते ।
- क्रिसमस डे को अवसरमा २०७४ पुस १० गते ।
- तमु ल्होसारको अवसरमा २०७४ पुस १५ गते ।
- माघी पर्वको अवसरमा २०७४ माघ १ गते ।,
- सोनम ल्होसारको अवसरमा २०७४ माघ ४ गते ।
- शहीद दिवसको अवसरमा २०७४ माघ १६ गते ।
- ग्याल्वो ल्होसारको अवसरमा २०७४ फागु न ४ गते ।
- प्रजातन्त्र दिवसको अवसरमा २०७४ फागुन ७ गते ।
- फागु पूर्णिमाको अवसरमा २०७४ फागुन १७ गते ।
- अन्तर्राष्ट्रिय महिला दिवसको अवसरमा २०७४ फागुन २४ गते ।
- नव वर्षको अवसरमा २०७४ बैसाख १ गते ।
- विश्व मजदुर दिवसको अवसरमा २०७४ बैसाख १८ गते ।
- बुद्ध जयन्तीको अवसरमा २०७४ बैशाख २७ गते ।
- उभौली पर्वको अवसरमा २०७४ बैशाख २७ गते ।
- गणतन्त्रको दिवसको अवसरमा २०७४ जेठ १५ गते ।

### ६.१ सम्माननीय राष्ट्रपतिले दिनु भएका समवेदना सन्देशहरु :-

सम्माननीय राष्ट्रपतिबाट मिति २०७४ साल फागुन २८ गते सो मबारका दिन मित्रराष्ट्र बंगलादेशबाट काठमाडौंका लागि उडेको यात्रुबाहक यु एस बंगलाको जहाज त्रिभुवन अन्तर्राष्ट्रिय बिमानस्थलको धावनमार्गमा अवतरणका क्रममा भएको दुर्घटनाप्रति गहिरो दुःख व्यक्त गर्नु हुँदै शोक सन्तप्त परिवारजनप्रति समवेदना प्रकट गर्नुभयो ।

## ७. अलङ्कार, विभूषण र पुरस्कार वितरण

### ७.१ सुशोभन समारोहमा सरिक

मिति २०७४ साल भदौ २३ गते शुक्रबारका दिन सम्माननीय राष्ट्रपति श्रीमती विद्यादेवी भण्डारी शिक्षा तथा विज्ञान प्रविधि मन्त्रालयद्वारा राष्ट्रिय शिक्षा दिवसको उपलक्ष्यमा शीतलनिवासमा आयोजित नेपाल विद्याभूषण पदक सुशोभन समारोहमा सरिक हुनुभयो । उक्त अवसरमा विभिन्न विषयमा उत्कृष्ठता हासिल गर्ने विद्यार्थीहरुलाई विभूषित गर्नु भएको थियो ।



## ७.२. प्रेस काउन्सील नेपालको वार्षिकोत्सव एवं पुरस्कार वितरण समारोहमा सरिक

मिति २०७४ साल असोज ६ गते दिन राष्ट्रपति भवन, शीतलनिवासमा सम्माननीय राष्ट्रपति श्रीमती विद्यादेवी भण्डारी प्रेस काउन्सील नेपालको वार्षिकोत्सव एवं पुरस्कार वितरण समारोहमा सरिक हुनुभयो । उक्त समारोहमा बोल्नुहुँदै सम्माननीय राष्ट्रपतिले मुलुकका सम्पूर्ण संचार माध्यमको अनुगमन गरी पत्रकारिता पेशालाई स्वच्छ, मर्यादित र जनउत्तरदायी बनाउन गहन जिम्मेबारी बोकेको प्रेस काउन्सिल नेपालको ४८ औं वार्षिकोत्सवका अवसर मा सहभागि हुन पाउदा खुशी लागेको बताउनु भयो । काउन्सिल स्थापना र विकासमा विभिन्न क्षेत्रबाट भूमिका निभाउनुभएका सबैलाई धन्यवाद तथा पुरस्कृत हुनुहुने संचारकर्मीहरुलाई बधाई ज्ञापन गर्नु भयो ।

## ७.३.प्रज्ञा पुरस्कार एवं राष्ट्रिय कविता महोत्सव, २०७४को पुरस्कार प्रदान

मिति २०७४ साल पुस १८ गते मंगलबारका दिन राष्ट्रपति भवन, शीतलनिवासमा सम्माननीय राष्ट्रपति श्रीमती विद्यादेवी भण्डारी र ाष्ट्रिय कविता महोत्सव, २०७४ का विजयी कविहरुलाई पुरस्कार वितरण कार्यक्रममा सरिक हुनुभयो । उक्त अवसरमा पुरस्कृत व्यक्तित्वहरुलाई पुरस्कार प्रदान गर्दै सम्माननीय राष्ट्रपतिले नेपाल प्रज्ञा प्रतिष्ठानले सर्जक कविहरुलाई पुरस्कृत एवम् सम्मानीत गर्ने र उत्साह छर्ने कामको सराहना गर्नुहुँदै नेपाली बाङ्मय श्री बृद्धि र सभ्य संस्कृतिको निर्माणमा नेपाल प्रज्ञा प्रतिष्ठानलाई सबैको सहयोग प्राप्त भई रहोस् र राज्यले प्राथमिकताका साथ सहयोग पुर्‍याओस् भन्ने आग्रह गर्नुभयो । उक्त कार्यक्रममा माननीय संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्री, नेपाल प्रज्ञा-प्रतिष्ठानका कुलपति, पदाधिकारी, पुरस्कृत व्यक्तित्व लगायतको उपस्थिति रहेको थियो ।

## ७.४. राष्ट्रिय पत्रकारिता पुरस्कार वितरण समारोह

मिति २०७५ साल बैशाख २४ गते सोमबारका दिन राष्ट्रपति भवन, शीतलनिवासमा सम्माननीय राष्ट्रपति श्रीमती विद्यादेवी भण्डारी संचार तथा सूचना प्रविधि मन्त्रालयद्वारा आयोजित राष्ट्रिय पत्रकारिता पुरस्कार वितरण एवं बरिष्ठ पत्रकार सम्मान कार्यक्रममा सरिक हुनुभयो । निष्पक्ष, खोजमुलक पत्रकारिताको माध्यमबाट राष्ट्रिय हितको प्रवर्द्धन र जनतालाई सुसूचित गराउने महत्वपूर्ण कार्यमा सहयोग पुर्‍याए वापत राष्ट्रिय पत्रकारिता पुरस्कार प्राप्त गर्ने पत्रकारलाई वधाई ज्ञापन गर्दै स्वतन्त्र एवं निर्भिक भएर देश र जनताको पक्षमा कलम चलाउनुपर्ने कुरामा जोड दिनु भयो । साथै राष्ट्रिय पत्रकारिता दिवसबाट सम्पूर्ण पत्रकार तथा संचारकर्मीहरुलाई कर्तव्य निर्वाह गर्न उत्प्रेरणा मिलोस् भन्ने शुभकामना समेत व्यक्त गर्नुभयो ।

## ७.५ पुष्पलाल राष्ट्रिय पुरस्कार वितरण समारोह

मिति २०७५ साल असार २१ गते विहीबारका दिन राष्ट्रपति भवन, शीतलनिवासमा सम्माननीय राष्ट्रपति श्रीमती विद्यादेवी भण्डारी संस्कृति,पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयद्वारा आयोजित पुष्पलाल राष्ट्रिय पुरस्कार एवं भगत सर्वजित मानव मर्यादा र ाष्ट्रिय पुरस्कार वितरण समारोहमा सरिक हुनुभयो ।

उक्त समारोहमा बोल्नुहुँदै सम्माननीय राष्ट्रपतिले लोकतान्त्रिक तथा वामपन्थी आन्दोलनका अग्रणी व्यक्तित्वको नामबाट स्थापित पुरस्कारवाट राष्ट्रको विकास र समृद्धिमा योगदान पुर्‍याउनु हुने व्यक्तित्वहरुलाई सम्मान गर्न पाउँदा खुशी लागेको बताउनुहुँदै राजनेता एवं राजनीतिक व्यक्तित्वहरुवाट भएका महत्वपूर्ण योगदानलाई राष्ट्रले कदर गर्नुका साथै उहाँहरुको प्रेरणादायी जीवनबाट धेरै कुरा सिक्नुपर्नेमा जोड दिनुभयो । उक्त समारोहमा पूर्व प्रधानमन्त्री एवं प्रतिष्ठानका अध्यक्ष माधव कुमार नेपाल, माननीय संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्री, राज्यमन्त्री, संस्कृतीविद् सत्यमोहन जोशी लगायतको उपस्थिति रहेको थियो ।



# ८. स्वदेशी तथा विदेशी व्यक्तित्वहरूसँगको महत्वपूर्ण भेटघाट र ओहोदाको प्रमाणपत्र ग्रहण

सम्मानतीय राष्ट्रपति श्रीमती विद्यादेवी भण्डारीसँग यस अवधिमा स्वदेशी तथा विदेशी व्यक्तित्वहरुबाट भएको भेटघाटसम्बन्धी विवरण:

## ८.१ स्वदेशी भेटघाट :

| क्र. सं. | मिति | विषय |
|---|---|---|
| १. | २०७४।०५।१६ | मान्छे वोक्सी हुन्न कहिल्यै राष्ट्रिय जागरण प्रतिष्ठानका पदाधिकारीबाट भेट । |
| २. | २०७४।०६।३० | विभिन्न राजनैतिक दलका प्रमुखहरुबाट भेट । |
| ३. | २०७४।०९।१६ | त्रिभुवन विश्वविद्यालयका पदाधिकारीहरुबाट भेट । |
| ४. | २०७४।१०।०१ | माघी पर्व/माघे संक्रान्तिको अवसरमा व्यवस्थापिका-संसदमा प्रतिनिधित्व गर्ने राजनीतिक दलका नेताहरुबाट भेट । |
| ५. | २०७४।१२।१२ | बौद्ध दर्शन प्रर्बधन तथा गुम्वा विकास समितिद्वारा आयोजित ४२ औं लामा गुरु अध्ययन भ्रमण टोलीका लामा गुरुबाट भेट । |
| ६. | २०७५।१।२३ | नेपाल चेम्वर अफ कर्मशका पदाधिकारीहरु एवं प्रतिनिधिमण्डलबाट भेट । |
| ७. | २०७५।१।२५ | नेपाल उद्योग परिसंघका पदाधिकारीहरुबाट भेट । |

## ८.२ विदेशी कुटनीतिक भेटघाट :

सम्मानतीय राष्ट्रपति श्रीमती विद्यादेवी भण्डारीसँग यस अवधिमा विशिष्ट विदेशी महानुभावहरु तथा विदेशी राजदूतहरुबाट भएको शिष्टाचार भेट सम्बन्धी विवरण:

| क्र. सं. | मिति | विषय |
|---|---|---|
| १ | २०७४/०४/११ | जापानी संसदका सदस्यहरु H.E.Ms. Hinako Takahashi र H.E. Ms. Yuko Nakagawa बाट शिष्टाचार भेट । |
| २ | २०७४/०४/२५ | नेपालका लागि किर्गिज रिपब्लिकका गैरआवासीय राजदूत H.E.Ms Samargiul Adamkulova बाट शिष्टाचार भेट । |
| ३ | २०७४/०४/२६ | भारतका विदेशमन्त्री HE. Smt. Sushma Swaraj बाट शिष्टाचार भेट । |
| ४ | २०७४/०४/३२ | जनवादी गणतन्त्र चीनका Vice Premier H.E. Mr. Wang Yang बाट शिष्टाचार भेट । |
| ५ | २०७४/०५/२७ | नेपालका लागि युरोपियन युनियनका राजदूत H.E. Mrs. Rensje Teerink बाट शिष्टाचार भेट । |
| ६ | २०७४/०६/०२ | बेलायतका Deputy Chief of General Staff /Colonel Commandant the Brigade Of Gurkhas / Chairman Gurkha Welfare Trust Lieutenant General NAW Pope CRE बाट शिष्टाचार भेट । |
| ७ | २०७४/०६/०२ | नेपालका लागि गणतन्त्र माल्दिभ्सका गैरआवासीय राजदूत H.E. Mr. Ahmed Saleem बाट शिष्टाचार भेट । |
| ८ | २०७४/७/७ | नेपालका लागि क्यानडाका गैरआवासीय राजदूत H.E.Mr. Nadir Patel बाट शिष्टाचार भेट । |
| ९ | २०७४/७/१८ | जनवादी गणतन्त्र चीनको हुवेई प्रान्तका Hubei Provincial Department of Education का Mr. Tao Hong बाट शिष्टाचार भेट । |
| १० | २०७४/७/२१ | नेपालका लागि युएइका राजदूत H.E. Mr. Saeed Hamdan Al-Naqbi बाट शिष्टाचार भेट । |
| ११ | २०७४/८/८ | भियतनामका Chief Justice of the Supreme People's Court, H.E. Mr. Nguyen Hoa Binh बाट शिष्टाचार भेट । |
| १२ | २०७४/०८/२० | जापानी Parliamentary Vice Minister H.E. Mr. Iwao Horii नेतृत्वको प्रतिनिधिमण्डलबाट शिष्टाचार भेट । |

| | | |
|---|---|---|
| १३ | २०७४/०८/२२ | युरोपियन युनियन निर्वाचन पर्यवेक्षण टोली प्रमुख Ms. Zeljan Zovko र उहाँको प्रतिनिधिमण्डलबाट शिष्टाचार भेट । |
| १४ | २०७४/८/२४ | रोटरी इन्टरनेशनलका अध्यक्ष Mr. Ian Riseley बाट शिष्टाचार भेट । |
| १५ | २०७४/८/२५ | म्यानमारका Commandar In Chief Of Defense Services Senior General Min Aung Hlaing बाट शिष्टाचार भेट । |
| १६ | २०७४/९/२० | जाम्बियाका Army Commander Lieutenant General Paul MIHOVA, DFS psc plsc PM बाट शिष्टाचार भेट । |
| १७ | २०७४/१०/१२ | Zonta International Foundation का अध्यक्ष श्री Sonja Honig Schough बाट शिष्टाचार भेट । |
| १८ | २०७४/१०/१९ | भारतका विदेशमन्त्री H.E. Smt. Sushma Swaraj बाट शिष्टाचार भेट । |
| १९ | २०७४/१०/२९ | बेलायतका Minister of State for the Armed Forces, H.E. Mr. Mark Lancaster बाट शिष्टाचार भेट । |
| २० | २०७४/१०/२९ | भारतका सेनाध्यक्ष तथा नेपाली सेनाका मानार्थ महारथी General Bipin Rawat बाट शिष्टाचार भेट । |
| २१ | २०७४/११/२ | बिभिन्न मुलुकका National Cadet Corps (NCC) का प्रतिनिधि र क्याडेट छात्रछात्रासमेतबाट शिष्टाचार भेट । |
| २२ | २०७४/११/२२ | पाकिस्तानका प्रधानमन्त्री HE.Mr. Shahid Khaqan Abbasi बाट शिष्टाचार भेट । |
| २३ | २०७४/१२/०१ | नेपालका लागि जनबादी गणतन्त्र चीनका राजदूत HE. Ms. Yu Hong बाट शिष्टाचार भेट । |
| २४ | २०७५/१/२१ | थाइल्याण्डका Royal Thai Armed Forces का Chief of Defence Forces General Tarnchaiyan Srisuwan बाट शिष्टाचार भेट । |
| २५ | २०७५/१/२३ | Republic of Serbia का प्रथम उपप्रधान तथा परराष्ट्रमन्त्री H.E.Mr. Ivica Dacic बाट शिष्टाचार भेट । |
| २६ | २०७५/१/२४ | British Group Inter-Parliamentary Union का Nigel Evan MP को नेतृत्वमा नेपाल भ्रमणमा रहेको प्रतिनिधि मण्डलबाट शिष्टाचार भेट । |
| २७ | २०७५/१/२८ | भारतका प्रधानमन्त्री H.E. Shri Narendra Modi बाट शिष्टाचार भेट । |
| २८ | २०७५/२/१६ | BIMSTEC का महासचिव H.E. Mr. M. Shahidul Islam बाट शिष्टाचार भेट । |
| २९ | २०७५/३/४ | नेपालका लागि Holy See का गैरआवासीय Apostolic Nuncio H.E. Mr. Archbishop Giambattista Diquattro बाट शिष्टाचार भेट । |
| ३० | २०७५/३/५ | Pakistan Armed Forces Chairman, Joint Chiefs of Staff Committee General Zubair Mahmood Hayat बाट शिष्टाचार भेट । |
| ३१ | २०७५/३/१३ | संयुक्त राष्ट्र संघका उपमहासचिव Mr. Jean Pierre Lacroix बाट शिष्टाचार भेट । |

सम्मानतीय राष्ट्रपति श्रीमती विद्यादेवी भण्डारीसँग यस अवधिमा विदेशी राजदूतहरुबाट भएको विदाई भेट सम्बन्धी विवरण

| सि.नं. | मिति | विषय |
|---|---|---|
| १. | २०७४/५/१४ | नेपालका लागि इजिप्टका राजदूत H.E. Mr Baher Nabl Abdelfattah Helmy बाट विदाई भेट । |
| २. | २०७४/५/१९ | नेपालका लागि इजरायलका राजदूत H.E. Mr. Yaron Mayer बाट विदाई भेट । |
| ३. | २०७५/१/२ | नेपालका लागि साउदी अरेवियाका राजदुत H.E. Mr. Abdul Naser H. Alharthi बाट विदाई भेट । |
| ४. | २०७५/१/२७ | नेपालका लागि जापानका राजदूत H.E. Mr. Masashi Ogawa बाट विदाई भेट । |
| ५. | २०७५/०२/२५ | नेपालका लागि फिनल्याण्डका राजदूत H.E.Mr. Jorma Suvanto बाट विदाई भेट । |
| ६. | २०७५/३/२९ | नेपालका लागि फ्रान्सका राजदूत H.E.Mr. Yves CARMONA बाट विदाई भेट । |

## ८.३ सम्माननीय राष्ट्रपतिसमक्ष विभिन्न मुलुकका राजदूतहरुबाट ओहोदाको प्रमाणपत्र पेशः

| क्र.सं. | देश | राजदूतको नाम | आवासीय/गैह्र-आवासीय | मिति |
|---|---|---|---|---|
| १ | नर्वे | Mr. Lasse Bjorn Johannessen | आवासीय | २०७४।०७।०६ |
| २ | जर्मनी | Mr. Roland Schaefer | आवासीय | २०७४।०७।०६ |
| ३ | युरोपियन युनियन | Ms. Veronica Cody | आवासीय | २०७४।०७।०६ |
| ४ | न्यूजिल्याण्ड | Ms. Joanna Mary Kempkers | गैह्र-आवासीय | २०७४।०७।०६ |
| ५ | इजिप्ट | Ms. Imam Mostafa A. Ahmed | आवासीय | २०७४।०८।१९ |
| ६ | ईजरायल | Mr. Benny Omer | आवासीय | २०७४।०८।१९ |
| ७ | पेरु | Mr. Jorge Castaneda Mondez | गैह्र-आवासीय | २०७४।०८।१९ |
| ८ | ईण्डोनेशिया | Mrs. Rina Prihtyasmiarsi | गैह्र-आवासीय | २०७४।०८।१९ |
| ९ | म्यानमार | H.E Thiri Pyanchi U Tun Nay Lin | आवासीय | २०७४।०८।२४ |
| १० | स्विटजरल्याण्ड | Ms. Elisabeth Von Capeller | आवासीय | २०७४।१०।२५ |
| ११ | पानामा | Mr. Gilberto Llerena Garcia | गैह्र-आवासीय | २०७४।१०।२५ |
| १२ | जाम्बिया | Mrs. Judith Kangoma Kapijimpanga | गैह्र-आवासीय | २०७४।१०।२५ |
| १३ | सुडान | Mr. Sirajuddin Hamid Yousif | गैह्र-आवासीय | २०७४।१०।२५ |
| १४ | रोमानिया | Mr. Radu Octavian Dobre | गैह्र-आवासीय | २०७४।११।१५ |
| १५ | जर्जिया | Mr. Archil Dzuliashvili | गैह्र-आवासीय | २०७४।११।१५ |
| १६ | पोल्याण्ड | Mr. Adam Wojciech Burakowski | गैह्र-आवासीय | २०७४।११।१५ |
| १७ | जापान | Mr. Masamichi Saigo | आवासीय | २०७५।०३।१३ |
| १८ | टुनिसिया | Mr. Nejmeddine Lakhal | गैह्र-आवासीय | २०७५।०३।१३ |
| १९ | डेनमार्क | Mr. Peter taksoe- Jensen | गैह्र-आवासीय | २०७५।०३।१३ |
| २० | भेनेजुयला | Mr. Augusto Montiel | गैह्र-आवासीय | २०७५।०३।१३ |

# ९. राष्ट्रपति लगायत विभिन्न पदाधिकारीहरुको नियुक्ति, शपथ तथा राजीनामा

## ९.१ सर्वोच्च अदालतका प्रधान न्यायाधीशको नियुक्ति तथा शपथ

मिति २०७४ साल साउन २ गते सोमबारका दिन सम्माननीय राष्ट्रपतिले नेपालको संविधानको धारा १२९ को उपधारा (२) बमोजिम संबैधानिक परिषद्को सिफारिसमा सर्वोच्च अदालतका वरिष्ठतम् माननीय न्यायाधीश श्री गोपाल पराजुलीलाई नेपालको प्रधान न्यायाधीश पदमा नियुक्त गर्नुभयो । सोही दिन राष्ट्रपतिको कार्यालय, शीतलनिवासमा आयोजित एक समारोहकाबीच सम्माननीय राष्ट्रपतिले नवनियुक्त सम्माननीय प्रधान न्यायाधीश श्री गोपाल पराजुलीलाई नेपालको प्रधान न्यायाधीश पदको, पद तथा गोपनीयताको शपथग्रहण गराउनु भयो ।



## ९.२ मन्त्रीहरूको शपथ

मिति २०७४ साल साउन ११ गते बुधबारका दिन राष्ट्रपतिको कार्यालय, शीतलनिवासमा आयोजित एक समारोहकाबीच नेपालको संविधानको धारा ७६ को उपधारा (९) बमोजिम सम्माननीय प्रधानमन्त्रीको सिफारिसमा सम्माननीय राष्ट्रपतिले नवनियुक्त माननीय मन्त्रीहरुलाई नेपालको संबिधानको धारा ८० बमोजिम मन्त्री पदको पद तथा गोपनीयताको शपथ ग्रहण गराउनु भयो ।





## ९.३ महान्यायाधिवक्ताको नियुक्ति तथा शपथ

मिति २०७४ साल भाद्र २ गते शुक्रबारका दिन सम्माननीय राष्ट्रपति श्रीमती विद्यादेवी भण्डारीले सम्माननीय प्रधानमन्त्रीको सिफारिसमा काठमाडौं महानगरपालिका वडा नं. २६, काठमाडौं निवासी वरिष्ठ अधिवक्ता श्री वसन्तराम भण्डारीलाई नेपालको महान्यायाधिवक्ता पदमा नियुक्त गर्नुभयो । सोही दिन राष्ट्रपतिको कार्यालय, शीतलनिवासमा आयोजित एक समारोहकाबीच महान्यायाधिवक्ताको पारिश्रमिक, सेवाको शर्त र सुविधा सम्बन्धी ऐन, २०५२ को दफा २१ बमोजिम सम्माननीय राष्ट्रपतिको समुपस्थितिमा सम्माननीय प्रधानमन्त्रीसमक्ष नवनियुक्त महान्यायाधिवक्ता श्री बसन्तराम भण्डारीले नेपालको महान्यायाधिवक्ता पदको, पद तथा गोपनीयताको शपथग्रहण गर्नुभयो ।



## ९.४ मन्त्रीहरुको शपथ

मिति २०७४ साल भाद्र २६ गते सोमबारका दिन सम्माननीय राष्ट्रपति श्रीमती विद्यादेवी भण्डारीले नेपालको संविधानको धारा ७६ को उपधारा (९) बमोजिम सम्माननीय प्रधानमन्त्रीको सिफारिसमा मन्त्रिपरिषद् गठन गर्नुभयो । सोही दिन राष्ट्रपतिको कार्यालय, शीतलनिवासमा आयोजित एक समारोहकाबीच सम्माननीय राष्ट्रपतिले नेपालको संविधानको धारा ८० बमोजिम नवनियुक्त माननीय मन्त्रीहरु श्री दीपक बोहरा, श्री सुनिल बहादुर थापा र श्री विक्रम पाण्डेलाई मन्त्री पदको, पद तथा गोपनीयताको शपथग्रहण गराउनु भयो ।



## ९.५ मन्त्रीहरुको शपथ

मिति २०७४ साल असोज २८ गते शनिबारका दिन सम्माननीय राष्ट्रपति श्रीमती विद्यादेवी भण्डारीले नेपालको संविधानको धारा ७६ को उपधारा (९) बमोजिम सम्माननीय प्रधानमन्त्रीको सिफारिसमा मन्त्रिपरिषद्को गठन गर्नुभयो । सोही दिन राष्ट्रपतिको कार्यालय, शीतलनिवासमा आयोजित एक समारोहकाबीच सम्माननीय राष्ट्रपतिले नेपालको संविधानको धारा ८० बमोजिम नवनियुक्त माननीय उपप्रधानमन्त्री श्री कमल थापा, नवनियुक्त माननीय मन्त्रीहरु श्री जयन्त चन्द, श्री दिलनाथ गिरी र श्री विक्रमबहादुर थापालाई मन्त्री पदको, पद तथा गोपनीयताको शपथग्रहण गराउनु भयो ।





## ९.६ प्रदेश प्रमुखहरुको नियुक्ति तथा सपथ

मिति २०७४ साल माघ ५ गते शुक्रबारका दिन नेपालको संविधानको धारा १६३ को उपधारा (२) बमोजिम मन्त्रिपरिषदको २०७४ माघ ३ गतेको सिफारिसमा सात प्रदेशका सात प्रदेश प्रमुख पदमा प्रा.डा. गोविन्द बहादुर तुम्वाहाङ, धनकुटा, प्रदेश नं. १, श्री रत्नेश्वर लाल (कायस्थ), काठमाडौं, प्रदेश नं. २, श्री अनुराधा कोइराला, काठमाडौं, प्रदेश नं. ३, श्री बाबुराम कुंवर, अर्घाखाँची, प्रदेश नं. ४, श्री उमाकान्त झा, धनुषा, प्रदेश नं. ५, श्री दुर्गा केशर खनाल, सुर्खेत, प्रदेश नं. ६ र श्री मोहनराज मल्ल, कैलाली, प्रदेश नं. ७ लाई नियुक्त गर्नु भयो । सोही दिन राष्ट्रपतिको कार्यालय, शीतलनिवासमा आयोजित एक समारोहकाबीच सम्माननीय राष्ट्रपतिले नेपालको संविधानको धारा १६७ बमोजिम नवनियुक्त ७ जना प्रदेश प्रमुखज्यूहरुलाई प्रदेश प्रमुख पदको, पद तथा गोपनीयताको शपथग्रहण गराउनु भयो ।



## ९.७ प्रधानमन्त्रीको राजीनामा

मिति २०७४ साल फागुन ३ गते बिहीबारका दिन सम्माननीय राष्ट्रपतिसमक्ष सम्माननीय प्रधानमन्त्री श्री शेर बहादुर देउवाले नेपालको संविधानको धारा ७७ को उपधारा (१) को खण्ड (क) बमोजिम प्रधानमन्त्रीको पदबाट लिखित राजीनामा दिनुभयो ।

## ९.८ प्रधानमन्त्रीको नियुक्ति तथा शपथ

मिति २०७४ साल फागुन ३ गते बिहीबारका दिन सम्माननीय राष्ट्रपतिज्यूबाट नेपालको संविधानको धारा ७६ को उपधारा (२) बमोजिम प्रतिनिधि सभाका माननीय सदस्य श्री के. पी. शर्मा ओलीलाई नेपालको प्रधानमन्त्री पदमा नियुक्ति गर्नुभयो र सोही दिन राष्ट्रपतिको कार्यालय, शीतलनिवासमा आयोजित एक समारोहकाबीच नेपालको संविधानको धारा ८० बमोजिम सम्माननीय राष्ट्रपतिले नवनियुक्त सम्माननीय प्रधानमन्त्री श्री के. पी. शर्मा ओलीलाई नेपालको प्रधानमन्त्री पदको, पद तथा गोपनीयताको शपथ ग्रहण गराउनु भयो ।



## ९.९ मन्त्रीहरुको शपथ

मिति २०७४ साल फागुन ३ गते बिहीबारका दिन सम्माननीय राष्ट्रपतिले नेपालको संविधानको धारा ७६ को उपधारा (९) बमोजिम सम्माननीय प्रधानमन्त्रीको सिफारिसमा मन्त्रिपरिषद् गठन भयो । सोही दिन राष्ट्रपतिको कार्यालय, शीतलनिवासमा आयोजित एक समारोहकाबीच सम्माननीय राष्ट्रपतिले नेपालको संविधानको धारा ८० बमोजिम नवनियुक्त माननीय मन्त्रीहरु श्री लालबाबु पण्डित र श्री थममाया थापालाई मन्त्री पदको, पद तथा गोपनीयताको शपथग्रहण गराउनु भयो ।





## ९.१० महान्यायाधिवक्ताको नियुक्ति तथा शपथ

मिति २०७४ साल फागुन ८ गते मंगलबारका दिन सम्माननीय राष्ट्रपति श्रीमती विद्यादेवी भण्डारीले सम्माननीय प्रधानमन्त्रीको सिफारिसमा गौरादह-३, झापा निवासी वरिष्ठ अधिवक्ता श्री अग्नि प्रसाद खरेललाई नेपालको महान्यायाधिवक्ता पदमा नियुक्त गर्नु भयो । सोही दिन राष्ट्रपतिको कार्यालय, शीतलनिवासमा आयोजित एक समारोहकाबीच महान्यायाधिवक्ताको पारिश्रमिक, सेवाको शर्त र सुविधा सम्बन्धी ऐन, २०५२ को दफा २१ बमोजिम सम्माननीय राष्ट्रपतिको समुपस्थितिमा सम्माननीय प्रधान न्यायाधीश श्री गोपाल पराजुलीसमक्ष नवनियुक्त महान्यायाधिवक्ता श्री अग्नि प्रसाद खरेलले नेपालको महान्यायाधिवक्ता पदको, पद तथा गोपनीयताको शपथ ग्रहण गर्नुभयो ।

## ९.११ राष्ट्रिय सभाका सदस्यहरुको मनोनयन

मिति २०७४ साल फागुन ८ गते मंगलबारका दिन सम्माननीय राष्ट्रपति श्रीमती विद्यादेवी भण्डारीले नेपालको संविधानको धारा ८६ उपधारा (२) को खण्ड (ख) बमोजिम नेपाल सरकारको सिफारिसमा डा. युवराज खतिवडा, श्री रामनारायण विडारी र डा. विमला पौड्याललाई राष्ट्रिय सभाको सदस्यमा मनोनीत गर्नुभयो ।

## ९.१२ मन्त्रीहरुको शपथ

मिति २०७४ साल फागुन १४ गते सोमबारका सम्माननीय राष्ट्रपतिले नेपालको संविधानको धारा ७६ को उपधारा (९) बमोजिम सम्माननीय प्रधानमन्त्रीको सिफारिसमा मन्त्रिपरिषद् गठन भयो । सोही दिन राष्ट्रपतिको कार्यालय, शीतलनिवासमा आयोजित एक समारोहकाबीच सम्माननीय राष्ट्रपतिले नेपालको संविधानको धारा ८० बमोजिम नवनियुक्त माननीय मन्त्रीहरु श्री इश्वर पोखरेल, श्री रामबहादुर थापा, श्री मातृका प्रसाद यादव र डा. युवराज खतिवडालाई मन्त्री पदको पद तथा गोपनीयताको शपथग्रहण गराउनु भयो ।



## ९.१३ प्रतिनिधि सभा एवं राष्ट्रिय सभाका ज्येष्ठ सदस्यहरूको सपथ

मिति २०७४ साल फागुन २० गते आइतबारका दिन राष्ट्रपतिको कार्यालय, शीतलनिवासमा आयोजित एक समारोहका बीच सम्माननीय राष्ट्रपति श्रीमती विद्यादेवी भण्डारीले प्रतिनिधि सभा सदस्य निर्बाचन ऐन, २०७४ को दफा ७५ को उपदफा (१) को प्रतिवन्धात्मक बाक्यांश बमोजिम प्रतिनिधि सभाका ज्येष्ठ सदस्य माननीय श्री महन्त ठाकुर र राष्ट्रिय सभा सदस्य निर्वाचन अध्यादेश, २०७४ को दफा ६७ को उपदफा (१) को प्रतिवन्धात्मक बाक्यांश बमोजिम राष्ट्रिय सभाका ज्येष्ठ सदस्य माननीय श्री तारादेबी भट्टलाई प्रतिनिधि सभाको ज्येष्ठ सदस्य तथा राष्ट्रिय सभाको ज्येष्ठ सदस्य पदको, पद तथा गोपनियताको शपथग्रहण गराउनु भयो ।





## ९.१४ प्रतिनिधि सभाका सभामुखको सपथ

मिति २०७४ साल फागुन २७ गते आइतबारका दिन राष्ट्रपतिको कार्यालय, शीतलनिवासमा आयोजित एक समारोहका बीच सम्माननीय राष्ट्रपति श्रीमती विद्यादेवी भण्डारीले प्रतिनिधि सभाको अन्तरिम कार्यबिधि, २०७४ को दफा ८ बमोजिम नवनिर्वाचित सम्माननीय सभामुख श्री कृष्णबहादुर महरालाई प्रतिनिधि सभाको सभामुख पदको, पद तथा गोपनीयताको शपथग्रहण गराउनु भयो ।



## ९.१५ राष्ट्रपति पदमा निर्वाचित

मिति २०७४ साल फागुन २९ गते मंगलबारका दिन राष्ट्रपतिको कार्यालय, शीतलनिवासमा सम्माननीय राष्ट्रपति समक्ष निर्वाचन आयोगका माननीय प्रमुख आयुक्त डा. अयोधी प्रसाद यादवले नेपालको संबिधानको धारा ६२ बमोजिम भएको राष्ट्रपति पदको निर्वाचनमा सम्माननीय राष्ट्रपति श्रीमती बिद्यादेबी भण्डारी नेपालको राष्ट्रपति पदमा निर्वाचित हुनुभएको प्रमाणपत्र प्रदान गर्नुभयो ।

## ९.१६ राष्ट्रपतिज्यूको शपथ

मिति २०७४ साल फागुन ३० गते बुधबारका दिन राष्ट्रपतिको कार्यालय, शीतलनिवासमा आयोजित एक समारोहकाबीच नवनिर्बाचित सम्माननीय राष्ट्रपति श्रीमती बिद्यादेबी भण्डारीले नेपालको संबिधानको धारा ७१ बमोजिम सम्माननीय प्रधान न्यायाधीश श्री गोपाल पराजुलीसमक्ष राष्ट्रपति पदको पद तथा गोपनीयताको शपथ ग्रहण गर्नुभयो ।



## ९.१७ प्रधान न्यायाधीशको राजीनामा

मिति २०७४ साल चैत्र १ गतेदेखि लागू हुने गरी नेपालको संविधानको धारा १३१ को खण्ड (क) बमोजिम सम्माननीय राष्ट्रपति श्रीमती विद्यादेवी भण्डारीसमक्ष सम्माननीय प्रधानन्यायाधीश श्री गोपाल पराजुलीले नेपालको प्रधान न्यायाधीश पदबाट लिखित राजीनामा दिनुभयो ।

## ९.१८ राष्ट्रिय सभाका अध्यक्षको सपथ

मिति २०७४ साल चैत्र १ गते बिहीबारका दिन राष्ट्रपतिको कार्यालय, शीतलनिवासमा आयोजित एक समारोहका बीच सम्माननीय राष्ट्रपति श्रीमती विद्यादेवी भण्डारीले राष्ट्रिय सभाको अन्तरिम कार्यबिधि, २०७४ को दफा ८ को बमोजिम नवनिर्वाचित अध्यक्ष श्री गणेश प्रसाद तिमिल्सीनालाई राष्ट्रिय सभाको अध्यक्ष पदको, पद तथा गोपनियताको शपथग्रहण गराउनु भयो ।



## ९.१९ मन्त्रीहरुको शपथ

मिति २०७४ साल चैत्र २ गते शुक्रबारका दिन सम्माननीय राष्ट्रपति श्रीमती विद्यादेवी भण्डारीले नेपालको संविधानको धारा ७६ को उपधारा (९) बमोजिम सम्माननीय प्रधानमन्त्रीको सिफारिसमा मन्त्रिपरिषद्को गठन गर्नुभयो । सोही दिन राष्ट्रपतिको कार्यालय, शीतलनिवासमा आयोजित एक समारोहकाबीच सम्माननीय राष्ट्रपतिले नेपालको संविधानको धारा ८० बमोजिम नवनियुक्त माननीय मन्त्रीहरुलाई मन्त्री पदको, पद तथा गोपनीयताको शपथग्रहण गराउनु भयो ।



## ९.२० प्रतिनिधि सभाका उपसभामुख र राष्ट्रिय सभाका उपाध्यक्षको शपथ

मिति २०७४ साल चैत्र ४ गते आइतबारका दिन राष्ट्रपतिको कार्यालय, शीतलनिवासमा आयोजित एक समारोहका बीच सम्माननीय राष्ट्रपति श्रीमती विद्यादेवी भण्डारीको समुपस्थितिमा प्रतिनिधि सभाका सम्माननीय सभामुख श्री कृष्णबहादुर महरासमक्ष प्रतिनिधि सभाका उपसभामुख माननीय श्री शिवमाया तुम्वाहाङफेले प्रतिनिधि सभाको उपसभामुख पदको र राष्ट्रिसभाका सम्माननीय अध्यक्ष श्री गणेश प्रसाद तिमिल्सीनासमक्ष राष्ट्रिय सभाका उपाध्यक्ष माननीय श्री शशिकला दाहालले राष्ट्रिय सभाको उपाध्यक्ष पदको, पद तथा गोपनीयताको शपथ लिनु भयो ।





## ९.२१ उपराष्ट्रपति पदको शपथ

मिति २०७४ साल चैत्र ५ गते सोमबारका दिन राष्ट्रपतिको कार्यालय, शीतलनिवासमा आयोजित एक समारोहकाबीच सम्माननीय राष्ट्रपति श्रीमती विद्यादेवी भण्डारीले नवनिर्वाचित सम्माननीय उपराष्ट्रपति श्री नन्द बहादुर पुनलाई नेपालको संबिधानको धारा ७१ बमोजिम उपराष्ट्रपति पदको, पद तथा गोपनीयताको शपथग्रहण गराउनु भयो ।



## ९.२२ उपप्रधानमन्त्री, मन्त्री एवं राज्यमन्त्रीको सपथ

मिति २०७५ साल असार १८ गते शुक्रबारका दिन सम्माननीय राष्ट्रपति श्रीमती विद्यादेवी भण्डारीले नेपालको संविधानको धारा ७६ को उपधारा (९) बमोजिम सम्माननीय प्रधानमन्त्रीको सिफारिसमा मन्त्रिपरिषद्को गठन गर्नुभयो । सोही दिन राष्ट्रपतिको कार्यालय, शीतलनिवासमा आयोजित एक समारोहकाबीच सम्माननीय राष्ट्रपतिले नेपालको संविधानको धारा ८० बमोजिम नवनियुक्त माननीय उपप्रधानमन्त्रीहरु श्री ईश्वर पोखरेल र श्री उपेन्द्र यादवलाई उपप्रधानमन्त्री र नवनियुक्त माननीय मन्त्रीहरु श्री मोहम्मद इश्तियाक राई र श्री गोकुल बाँस्कोटालाई मन्त्री पदको, पद तथा गोपनीयताको शपथग्रहण गराउनु भयो ।





## १०. विभिन्न संवैधानिक निकायहरूको वार्षिक प्रतिवेदन ग्रहण

### १०.१ लोक सेवा आयोगको वार्षिक प्रतिवेदन ग्रहण ।

मिति २०७४ साल मंसिर ८ गते शुक्रबारका दिन राष्ट्रपति भवन, शीतलनिवासमा एक समारोहकाबीच सम्माननीय राष्ट्रपति श्रीमती विद्यादेवी भण्डारीसमक्ष लोक सेवा आयोगका माननीय अध्यक्ष उमेशप्रसाद मैनालीले नेपालको संविधानको धारा २९४ को उपधारा (१) बमोजिम लोक सेवा आयोगको आर्थिक वर्ष २०७३/०७४ को वार्षिक प्रतिवेदन पेश गर्नुभयो । सो अवसरमा सम्माननीय राष्ट्रपतिज्यूले स्वच्छ, निष्पक्ष, इमान्दार र लगनशील भई काम गरेकोमा लोक सेवा आयोगका पदाधिकारीहरुलाई हार्दिक धन्यवाद ज्ञापन गर्नुभयो ।



### १०.२ राष्ट्रिय मानवअधिकार आयोगको वार्षिक प्रतिवेदन ग्रहण ।

मिति २०७४ साल मंसिर २२ गते शुक्रबारका दिन राष्ट्रपति भवन, शीतलनिवासमा एक समारोहकाबीच सम्माननीय राष्ट्रपति श्रीमती विद्यादेवी भण्डारीसमक्ष राष्ट्रिय मानवअधिकार आयोगका माननीय अध्यक्ष अनुपराज शर्माले नेपालको संविधानको धारा २९४ को उपधारा (१) बमोजिम राष्ट्रिय मानव अधिकार आयोगको आर्थिक वर्ष २०७३/०७४ को वार्षिक प्रतिवेदन पेश गर्नुभयो । सो अवसरमा सम्माननीय राष्ट्रपतिले स्वच्छ, निष्पक्ष, इमानदार र लगनशील भई काम गरेकोमा राष्ट्रिय मानव अधिकार आयोगका पदाधिकारीहरुलाई हार्दिक धन्यवाद ज्ञापन गर्नुभयो ।



## १०.३ अख्तियार दुरूपयोग अनुसन्धान आयोगको वार्षिक प्रतिवेदन ग्रहण ।

मिति २०७४ साल मंसिर २८ गते बिहीबारका दिन राष्ट्रपति भवन, शीतलनिवासमा एक समारोहकाबीच सम्माननीय राष्ट्रपति श्रीमती विद्यादेवी भण्डारीसमक्ष अख्तियार दुरुपयोग अनुसन्धान आयोगका माननीय कार्यवाहक प्रमुख आयुक्त दीप बस्न्यातले नेपालको संविधानको धारा २९४ को उपधारा (१) बमोजिम अख्तियार दुरुपयोग अनुसन्धान आयोगको आर्थिक वर्ष २०७३/२०७४ को बार्षिक प्रतिवेदन पेश गर्नुभयो । सो अवसर मा सम्माननीय राष्ट्रपतिले अख्तियार दुरुपयोग अनुसन्धान आयो गले भ्रष्टाचारका विरुद्धमा देखाएको सक्रियता एवम् तदारुकताको सराहना गर्नुहुदै आयोगसँग सम्वद्ध सबैलाई हार्दिक धन्यवाद ज्ञापन गर्नुभयो ।



## १०.४ महान्यायाधिवक्ता कार्यालयको बार्षिक प्रतिवेदन ग्रहण ।

मिति २०७४ साल माघ १८ गते बिहीबारका दिन राष्ट्रपति भवन, शीतलनिवासमा एक समारोहकाबीच सम्माननीय राष्ट्रपति श्रीमती विद्यादेवी भण्डारीसमक्ष माननीय महान्यायाधिवक्ता बसन्त राम भंण्डारीले नेपालको संविधानको धारा १५९ बमोजिम महान्यायाधिवक्ताको कार्यालयको आर्थिक वर्ष २०७३/०७४ को बार्षिक प्रतिवेदन पेश गर्नुभयो । सो अवसरमा सम्माननीय राष्ट्रपतिले स्वच्छ, निष्पक्ष, इमानदार र लगनशील भई काम गरेकोमा महान्यायाधिवक्ताको कार्यालयका सबैलाई हार्दिक धन्यवाद ज्ञापन गर्नुभयो ।



## १०.५ निर्वाचन आयोगको वार्षिक प्रतिवेदन ग्रहण ।

मिति २०७४ साल चैत्र १४ गते बुधबारका दिन राष्ट्रपति भवन, शीतलनिवासमा एक समारोहकाबीच सम्माननीय राष्ट्रपति श्रीमती विद्यादेवी भण्डारीसमक्ष निर्वाचन आयोगका माननीय प्रमुख निर्वाचन आयुक्त डा. अयोधीप्रसाद यादवले नेपालको संविधानको धारा २९४ को उपधारा (१) बमोजिम निर्वाचन आयोगको आर्थिक वर्ष २०७३/०७४ को बार्षिक प्रतिवेदन पेश गर्नुभयो । सो अवसर मा सम्माननीय राष्ट्रपतिले स्वच्छ, निष्पक्ष, इमानदार र लगनशील भई काम गरेकोमा निर्वाचन आयोगका सबैलाई हार्दिक धन्यवाद ज्ञापन गर्नुभयो ।



## १०.६ सर्वोच्च अदालतको बार्षिक प्रतिवेदन ग्रहण ।

मिति २०७४ साल चैत्र २१ गते बुधबारका दिन राष्ट्रपति भवन, शीतलनिवासमा एक समारोहकाबीच सम्माननीय राष्ट्रपति श्रीमती विद्यादेवी भण्डारीसमक्षसम्माननीय प्रधान न्यायाधीश गोपाल पराजुलीले नेपालको संविधानको धारा १३८ बमोजिम सर्वोच्च अदालतको आर्थिक वर्ष २०७३/२०७४ को बार्षिक प्रतिवेदन पेश गर्नुभयो । सो अवसरमा सम्माननीय राष्ट्रपतिले सर्वोच्च अदालतले स्वच्छ र निष्पक्ष न्याय सम्पादनमा खेलेको भूमिकाको लागि अदालत परिबारलाई हार्दिक धन्यवाद ज्ञापन गर्नुभयो ।



## १०.७ महालेखापरीक्षकको कार्यालयको बार्षिक प्रतिवेदन ग्रहण

मिति २०७४ साल चैत्र २९ गते बिहिबारका दिन राष्ट्रपति भवन, शीतलनिवासमा आयोजित एक समारोहकाबीच सम्माननीय राष्ट्रपति श्रीमती विद्यादेवी भण्डारीसमक्ष माननीय महालेखापरीक्षक टंकमणी शर्मा दंगालले नेपालको संविधानको धारा २९४ को उपधारा (१) बमोजिम महालेखापरीक्षककोकार्यालयको आर्थिक वर्ष २०७३/२०७४ को (५५ औं) वार्षिक प्रतिवेदन पेश गर्नुभयो । सो अवसरमा सम्माननीय राष्ट्रपतिले लेखाप्रणालीलाई अद्यावधिक गर्न महालेखापरीक्षकको कार्यालयले खेलेको भूमिकाको प्रशंसा गर्नुभयो ।



## १०.८ न्याय परिषद्को वार्षिक प्रतिवेदन ग्रहण

मिति २०७५ साल बैसाख ३१ गते सोमबारका दिन राष्ट्रपति भवन, शीतलनिवासमा आयोजित एक समारोहकाबीच सम्माननीय राष्ट्रपति श्रीमती विद्यादेवी भण्डारीसमक्ष न्याय परिषद् तथा न्याय सेवा अयोगका अध्यक्ष तथा सम्माननीय कायम मुकाय प्रधान न्यायाधीश दीपकराज जोशीले नेपालको संविधानको धारा १३८ बमोजिम न्याय परिषद् तथा न्याय सेवा आयोगको आर्थिक वर्ष २०७३/२०७४ को वार्षिक प्रतिवेदन पेश गर्नुभयो । सो अवसरमा सम्माननीय राष्ट्रपतिले न्याय परिषद् तथा न्याय सेवा आयोगले गरेका काम र प्राप्त उपलब्धीहरुको प्रशंसा गर्नुभयो ।



## ११. राष्ट्रपतिको कार्यालयमा पदस्थापना/सरुवा/अवकाश हुनुभएका राष्ट्रसेवक कर्मचारीहरूको विवरण

| क्र.सं. | मिति | पद | नामथर | हाजिरी/रमाना/अवकाश |
|---|---|---|---|---|
| १ | २०७५।०१।२ | उपसचिव | श्री उत्तम कुमार शाही | हाजिरी |
| २ | २०७४।०५।१४ | ना.सु. | श्री निरञ्जन प्रसाद पुडासैनी | हाजिरी |
| ३ | २०७४।०६।१३ | सहसचिव | श्री मोहन प्रसाद वाग्ले | अनिवार्य अवकाश |
| ४ | २०७४।०८।५ | उपसचिव | श्री दुरपदा सापकोटा | सरुवा |
| ५ | २०७४।८।२५ | ना.सु. | श्री गायत्र श्रेष्ठ | बढुवा |
| ६ | २०७४।११।११ | सहसचिव | श्री कुल प्रसाद चुडाल | सरुवा |
| ७ | २०७५।१।७ | उपसचिव | श्री गोपीलाल नेपाल | सरुवा |
| ८ | २०७४।१२।२६ | सचिव | श्री विनोद केसी | हाजिरी |
| ९ | २०७५।१।२ | सचिव | श्री भूपेन्द्रप्रसाद पौड्याल | सरुवा |
| १० | २०७४।११।१३ | सहसचिव | श्री छविन्द्र पराजुली | हाजिरी |
| ११ | २०७४।११।३ | सहसचिव | श्री पुष्कर सापकोटा | सरुवा |
| १२ | २०७४।१०।१८ | उपसचिव | श्री कृष्णमुरारी न्यौपाने | बढुवा |
| १३ | २०७४।१२।२ | सहसचिव | श्री हरि प्रसाद दवाडी | अनिवार्य अवकाश |
| १४ | २०७४।१२।१९ | शाखा अधिकृत | श्री वैकुण्ठप्रसाद वगाले | अनिवार्य अवकाश |
| १५ | २०७५।१।२ | उपसचिव | श्री शत्रुध्वन प्रसाद पोखरेल | सरुवा |
| १६ | २०७५।१।२३ | शाखा अधिकृत | श्री नुरदेव मैनाली | अनिवार्य अवकाश |
| १७ | २०७५।२।२८ | उपसचिव | श्री पूर्णिमा कोइराला | हाजिरी |
| १८ | २०७५।३।३ | शाखा अधिकृत | श्री राजेश कुमार थापा | हाजिरी |
| १९ | २०७५।०३।६ | ना.सु. | श्री गोबिन्दराज शिवाकोटी | हाजिरी |

## १२. राष्ट्रपतिको कार्यालयमा हाल कार्यरत राष्ट्रसेवक कर्मचारीहरूको विवरण:

### १२.१ राष्ट्रपतिको कार्यालयमा हाल कार्यरत निजामती कर्मचारीहरूको विवरण:

| क्र.सं. | पद | नामथर | ईमेल |
|---|---|---|---|
| १ | सचिव | श्री विनोद केसी | binodkc@presidentofnepal.gov.np |
| २ | सहसचिव | श्री छविन्द्र पराजुली | chhabindraparajuli@presidentofnepal.gov.np |
| ३ | उपसचिव | श्री लोकनाथ सुवेदी | loknath.subedi@presidentofnepal.gov.np |
| ४ | उपसचिव | श्री प्रल्हादप्रसाद पुडासैनी | prahlad.pudasaini@presidentofnepal.gov.np |
| ५ | उपसचिव | श्री उत्तम कुमार शाही | uttamshahi99@gmail.com |
| ६ | उपसचिव | श्री केशवप्रसाद घिमिरे | keshab.ghimire@presidentofnepal.gov.np |
| ७ | उपसचिव | श्री पूर्णिमा कोइराला | p.koirala@hotmail.com |
| ८ | शा.अ. | श्री रामकृष्ण नकर्मी | ramkrishna.nakarmi@presidentofnepal.gov.np |
| ९ | शा.अ. | श्री राजेश कुमार थापा | thaparajesh22@yahoo.com |
| १० | शा.अ. | श्री दशरथ राई | dasharath.rai@presidentofnepal.gov.np |
| ११ | शा.अ. | श्री हरिकिशोर प्रसाद चन्द्रवंशी | harikishor.chandravanshi@presidentofnepal.gov.np |
| १२ | क. अधिकृत | श्री राधेश्याम अधिकारी | radheshyam.adhikari@presidentofnepal.gov.np |
| १३ | ईन्जिनियर | श्री अशोक कुमार राम | ashok4y@gmail.com |
| १४ | लेखापाल | श्री निलम थापा | neelam.thapa@presidentofnepal.gov.np |
| १५ | ना.सु. | श्री अनुप खनाल | anup.khanal@presidentofnepal.gov.np |
| १६ | ना.सु. | श्री निरञ्जन प्रसाद पुडासैनी | niranjanpudasaini@yahoo.com |
| १७ | ना.सु. | श्री गोविन्दराज शिवाकोटी | govindarajshivakoti@ymail.com |
| १८ | क. अपरेटर | श्री रमा महत (बस्नेत) | rama.basnet@presidentofnepal.gov.np |
| १९ | क. अपरेटर | श्री खडानन्द पौडेल | poudel.kp3@presidentofnepal.gov.np |
| २० | पुस्तकालय सहायक | श्री युवराज कट्टेल | yubaraj.kattel@presidentofnepal.gov.np |
| २१ | खरिदार | श्री सुदर्शन खनाल | khanal.sudarshan@presidentofnepal.gov.np |
| २२ | खरिदार | श्री नवराज पौडेल | nawaraj.poudel@presidentofnepal.gov.np |
| २३ | खरिदार | श्री जान्दवी ढकाल | jandabi.dhakal@presidentofnepal.gov.np |
| २४ | जु. ईलेक्ट्रिसियन | श्री सुमनकुमार झा | suman.jha@presidentofnepal.gov.np |
| २५ | स. फोटोग्राफर | श्री पिंकी कुमारी दास | |
| २६ | ह.स.चा. | श्री प्रदिप पौडेल | |
| २७ | का.स. | श्री किसन महर्जन | |
| २८ | का.स. | श्री अर्जुन महर्जन | |

## १२.२ राष्ट्रपतिको कार्यालयमा हाल कार्यरत करार सेवाका कर्मचारीहरूको विवरण:

| क्र.सं. | पद | नामथर | ईमेल |
|---|---|---|---|
| १ | माइक अपरेटर (सेवा करार) | श्री सुजन डंगोल | sujan.dangol@presidentofnepal.gov.np |
| २ | स.क.अपरेटर (सेवा करार) | श्री प्रदिप सुनुवार | pradip.sunuwar@presidentofnepal.gov.np |
| ३ | का.स. (सेवा करार) | श्री रत्न प्रसाद त्रिपाठी | |
| ४ | का.स. (सेवा करार) | श्री गोविन्द प्रसाद प्याकुरेल | |
| ५ | का.स. (सेवा करार) | श्री सुशिला आचार्य | |
| ६ | का.स. (सेवा करार) | श्री उमा अर्याल | |
| ७ | का.स. (सेवा करार) | श्री माया अर्याल | |
| ८ | का.स. (सेवा करार) | श्री गोपीनी गुरुङ्ग | |
| ९ | का.स. (सेवा करार) | श्री उषा कार्की | |
| १० | का.स. (सेवा करार) | श्री विना खनाल | |
| ११ | प्लम्वर (सेवा करार) | श्री लक्ष्मण थापा | |
| १२ | ह.स.चा.(सेवा करार) | श्री कृष्णकाजी सिलवाल | |
| १३ | ह.स.चा.(सेवा करार) | श्री रवि महर्जन | |
| १४ | ह.स.चा.(सेवा करार) | श्री राम कुमार काफ्ले | |
| १५ | ह.स.चा.(सेवा करार) | श्री गोपाल प्रसाद पाण्डे | |
| १६ | ह.स.चा.(सेवा करार) | श्री रवि भट्टराई | |
| १७ | ह.स.चा.(सेवा करार) | श्री विजय लवट श्रेष्ठ | |
| १८ | ह.स.चा.(सेवा करार) | श्री राम प्रसाद अवाल | |
| १९ | ह.स.चा.(सेवा करार) | श्री टिकाराम आचार्य | |

## १३. सम्माननीय राष्ट्रपतिका विज्ञहरूको विवरण:

| क्र.सं. | पद | नामथर | ईमेल |
|---|---|---|---|
| १. | विज्ञ | श्री सुशील प्याकुरेल<br>(राजनितिक, सामाजिक र मानव अधिकार) | sushil.pyakurel@presidentofnepal.gov.np |

## १४. सम्माननीय राष्ट्रपतिका स्वकीय सचिवालयका कर्मचारीहरूको विवरण:

| क्र.सं. | पद | नामथर | ईमेल |
|---|---|---|---|
| १ | प्रमुख स्वकीय सचिव | श्री भेषराज अधिकारी | veshraz.adhikari@presidentofnepal.gov.np |
| २ | स्वकीय सहसचिव | श्री शिव भट्टराई | |
| ३ | स्वकीय उपसचिव | श्री दिपा शर्मा | dipa.sharma@presidentofnepal.gov.np |
| ४ | स्वकीय उपसचिव | श्री हिरामणि आचार्य | hiramani.acharya@presidentofnepal.gov.np |
| ५ | स्वकीय शाखा अधिकृत | श्री गीता शर्मा | |
| ६ | कम्प्युटर अपरेटर | श्री बिशाल विक्रम खड्का | bishal.khadka@presidentofnepal.gov.np |
| ७ | फोटो ग्राफर | श्री सुनील चुडामणी बज्राचार्य | sunil.bajracharya@presidentofnepal.gov.np |

## १५. सुरक्षा तथा समारोह व्यवस्था सचिवालय

